# अमर ज्योति

## साहित्यिक त्रैमासिक



## वार्षिकोत्सव कविता विशेष

भाद्र-२०८०


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : २०, पूर्णाङ्क ५९
(असार-भदौ २०८०)

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिर**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

अल मिडिया सोलुसन, बागबजार, काठमाडौं ४२५३६९४ द्वारा मुद्रित

# भौतिक र भावात्मक बिजुलीले आलोकित धराधामको खोजी

भनिन्छ, मन हाँसे रात पनि उज्यालो र मन रोए दिन पनि अँध्यारो हुन्छ । यस कथनलाई विश्वास गर्ने हो भने उज्यालो र अँध्यारोको सवाल कतिपय अवस्थामा मानसिक अनुभूतिजन्य विषय पनि बन्न सक्ने देखिन्छ । तर पनि 'अँध्यारो' शब्दले 'उज्यालो'को अर्थलाई र 'उज्यालो' शब्दले 'अँध्यारो' भन्ने भावलाई समेट्न चाहिँ सक्तैन ।

'उज्यालो' खुसीको निर्मल जलधारा प्रवाहित गर्ने मुहान हो । सारा विश्वजगत् नै प्रकाशसँग सम्मोहित छ भने अँध्यारोसँग त्रसित । अध्ययनले के बताउँछ भने हाम्रा स्वनामधन्य ऋषिमुनिहरूले अँध्यारो गुफामा बसेर घनघोर तपस्या गर्नुको मूल कारण तेस्रो नेत्र जागृत गराएर मानसिक सोचाइको धरातललाई उज्यालो चेतनाले देदिप्यमान तुल्याउनु नै थियो । अचम्म ! अँध्यारो ओढार वा जङ्गलमा समाधि कसे पनि र आँखा बन्द गरेर बसे पनि खोजिएको वस्तु चाहिँ फेरि पनि उज्यालो नै ! सायद 'कोइला खानीबाट हिराको खोज' भनेको यही नै होला !

उज्यालोको प्राकृतिक र प्राथमिक स्रोत सूर्यलाई मान्नु पर्छ । प्रकाशको अर्को कृत्रिम र शक्तिशाली स्रोत चाहिँ बिजुली नै हो । सर्वप्रथम बिजुलीको प्रवर्तन गर्ने विद्वानले तालुका अधिकांश रौँ खुइल्याए होलान् ! उनकै योगदानले आज हामी बिजुलीको भऱ्याङ चढ्न पाउने भएका छौँ; चिस्याउन, तताउनदेखि लिएर ठूला मेसिन र कलकारखाना चलाउन सक्ने भएका छौँ । विद्युत आज चुलोदेखि चिहानसम्म उपयोगमा आउने बहुउपयोगी कमोडिटी बनिसकेको छ । विद्युतलाई यस्तो गरिमामय स्थान त्यसै प्राप्त भएको होइन । यसकै गुण र उपयोगिताको बलमा यो महिमामण्डित वस्तु बन्न पुगेको हो ।

नेपाल विद्युत प्राधिकरण 'सबै पूर्वाधारहरूको पनि आधारभूत पूर्वाधार' मानिने ऊर्जाको उत्पादनमा दत्तचित्त छ । भौतिक बिजुलीको उत्पादन, प्रसारण, विकास र बिस्तार नै यसको मुख्य कार्यभार हो । यस संस्थाका कर्मचारीहरू खतरा मोलेर करेन्टसँग खेल्छन् । पल पलमा सचेतता, सुरक्षा र सावधानी नअपनाइएमा ज्यानै जाने खतरा यो क्षेत्रमा व्याप्त छ । तसर्थ युद्धमा जानुपूर्व सिपाहीहरूलाई नाच, गान र मनोरञ्जनका माध्यमबाट आँट, उत्प्रेरणा र खुसी प्रदान गरिएझैँ विद्युतीय कार्यमा खटिने कर्मचारीलाई पनि आवधिक रूपमा मानसिक स्फूर्ति र हौसला थपिरहनु पर्ने हुन्छ । प्राधिकरणका कर्मचारीहरूलाई साहित्यले यस्तै भावात्मक ऊर्जा थप्दै आएको छ । यस्तो ऊर्जा थप्ने दायित्व चाहिँ विद्युतकर्मी साहित्यिक समाजले वहन गर्दै आएको छ ।

विद्युतकर्मी साहित्यिक समाज र यसका शुभचिन्तकहरूले प्राधिकरणको कर्मचारी हुनुको नाताले भौतिक बिजुलीको उत्पादनमा योगदान त गर्ने नै भए । साथै विविध साहित्यिक गतिविधिमार्फत भावात्मक बिजुलीको उत्पादनमा समेत उल्लेख्य भूमिका खेल्दै आएका छन् । जलस्रोतबाट उत्पादित भौतिक बिजुलीद्वारा भौतिक संसार उज्यालो बनाउने अनि साहित्यमार्फत सिर्जित भावात्मक बिजुलीबाट सङ्लो विचार र फराकिलो विवेकको निर्माण गर्ने दोहोरो जिम्मेवारी निर्वाह गर्न हामी स्वप्रेरित भएर लागेका छौँ ।

नाट्यसम्राट बालकृष्ण समले 'ज्ञान र विज्ञानले कर्ममा हात जोड्नु पर्छ' भन्ने मन्त्रवाक्यद्वारा नेपाली समाजलाई धेरैअघि नै दीक्षित गरेका हुन् । भौतिकता र आध्यात्मिकताको सन्तुलित विकासले मात्र सृष्टिको अस्तित्व जीवित रहने कुरामा कुनै सन्देह छैन । भौतिक बिजुली विज्ञानबाट आविष्कार भई विज्ञानलाई नै पोषण गर्दै आएको महान् वरदान हो भने भावात्मक बिजुली चाहिँ आत्मिक/आध्यात्मिक उन्नति गर्ने र मानव मनको विरेचन वा शुद्धीकरण गर्ने अमोघ अस्त्र हो । यी दुईको समन्वय र सन्तुलनले मात्र एउटा परिपूर्ण मानव जीवनको परिकल्पना गर्न सकिन्छ । यसर्थ विद्युतकर्मी साहित्यिक समाजको सारा प्रयत्न बाह्य र आन्तरिक उज्यालो वितरणतर्फ नै परिलक्षित छ ।

नेपाल विद्युत प्राधिकरण लोससेडिङको अन्त्य गर्ने लक्ष्य प्राप्तिपछि स्वदेशभित्र पूर्ण विद्युतीकरण गर्दै गुणस्तरीय विद्युत सेवा प्रवाह गर्ने प्रणमा प्रतिबद्ध छ । सम्प्रति यो संस्था भारत हुँदै छिमेकी मुलुक बङ्गलादेशसम्म भौतिक उज्यालो वितरण गर्न पूर्ण रूपमा तम्तयार भएर बसेको छ । विद्युत प्राधिकरणकै संरक्षकत्वमा पुष्पित र पल्लवित विद्युतकर्मी साहित्यिक समाजले चाहिँ कर्मचारीहरूको मानसिक, वैचारिक, बौद्धिक र संवेगात्मक स्वास्थ्य सबलीकरणमार्फत प्राधिकरणकै मूल उद्देश्य परिपूर्तिका लागि सिर्जनशील र उत्प्रेरित जनशक्ति तयार पार्न आधारशिला खडा गरिरहेको छ ।

साहित्यमार्फत भावात्मक ऊर्जा उत्पादन गर्ने यस महान् अभियानमा हामी एक्लै यात्रारत छैनौँ । हामीले साहित्यको उन्नयनमा समर्पित ने.वि.प्रा. बाहिरका स्रष्टा र साहित्यिक संस्थाहरूलाई पनि सँगसँगै हिडाएका छौँ । फलस्वरूप हाम्रा प्रकाशनहरूमा बाह्य लेखकका रचनाहरूलाई पनि यथोचित स्थान दिइँदै आएको छ । अन्य साहित्यिक संघ संस्थाको साहित्यिक योगदानको सम्मान गर्ने उदारवादी परम्परामा पनि हामी अभ्यस्त हुन थालेका छौँ ।' त्वदियम वस्तु गोविन्दम, तुभ्यमेव समर्पणम' अभियान मार्फत होस् वा फेसबुकबाट 'अमरज्योति लघु सिर्जना' अभियान चलाएर होस् हामी साहित्य जगत्मा दैनन्दिन नवप्रवर्तनको दैलो उघार्न कृतसङ्कल्पित छौँ ।

हामीले यो कर्म परिवारको अलिकति खुसी खोसेर तथा कार्यालयको खाजा खाने समयलाई केही छोट्याएर गर्दै आएका हौँ । हामीलाई कसैले यस्तो गतिविधि सञ्चालन गर्न कर गरेका पनि होइनन् । तर 'स्वान्त सुखाय र बहुजन हिताय' यो काम गर्नैपर्ने नैतिक दबाबमा हामी छौँ । भौतिकसँगै भावात्मक बिजुली उत्पादनमा पनि सरिक भएकै कारण आज विद्युतकर्मी साहित्यिक समाजका कार्यक्रमहरूले ने.वि.प्रा. व्यवस्थापन र सिङ्गो मुलुकबाट नै प्रशंसा प्राप्त गरिरहेको सन्दर्भ जगजाहेर छ । हाम्रा कर्महरू साक्षी छन्; यस सन्दर्भमा पूरक व्याख्या गर्न आवश्यक परोइन ।

हामीले हाम्रो कामप्रति गर्व गरेका छौँ र गर्व गरेकै कारण हाम्रो मनोबल शिखरभैँ अग्लिएको छ । तर हामीले के के न गर्‍यौँ भनेर अभिमान भने पालेका छैनौँ । हामी हाम्रो यो यात्रा सधैँ यही रूपमा जारी राख्न चाहन्छौँ । बदलामा यहाँहरूबाट पनि निरन्तर सद्भाव, स्नेह र शुभेच्छा प्राप्त भई नै रहने छ भन्ने विश्वास लिएका छौँ । हामी भौतिक र भावात्मक बिजुलीले आलोकित धराधामको खोजीमा निरन्तर र अविचलित समर्पित छौँ । यो कविता विशेषाङ्क पनि त्यसकै एउटा सिलसिला मात्र हो । **– अतृप्त**

# शुभकामना



हरेक वर्षको भाद्र एक गते नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव हर्षोल्लासपूर्वक मनाउने क्रममा विभिन्न अतिरिक्त कृयाकलापहरूको आयोजना गर्ने गरिएको छ । त्यसमध्येको एक हो साहित्यिक कार्यक्रम-कवितावाचन प्रतियोगिता ।

साहित्यिक रचनाहरू जति जनजीवनसँग जोडिएर आउँछन् त्यति नै लोकप्रिय र दीर्घजीवी हुने गर्दछन् । जनजीवनका भाका र भाषामा आएका साहित्यिक रचनाहरू निश्चित पक्ष, समूह र वर्गको मात्र नभएर सबै पक्षका, समाजका र हाम्रा हुने गर्दछन् । साहित्यमा प्रयोग गरिने भाषा र शैली सर्जकअनुसार फरक फरक हुने गर्दछ ।

नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारीको साथसाथै साहित्यिक कर्ममा समेत लागेर नेपाली साहित्यका विविध विधामा निरन्तर कलम चलाइरहेका छन् । जुन कार्यले एकातिर कर्मचारीको सिर्जनशीलता प्रवर्द्धन भएको छ भने अर्कातिर नेपाली साहित्यको विकासमा समेत नेपाल विद्युत प्राधिकरणको संस्थागत योगदान पुगेको देखिन्छ ।

विद्युतकर्मी साहित्यिक समाजले गत वर्षको वार्षिकोत्सवमा वाचित कविताहरू सङ्कलन गरेर कोमल भावनाबाट सिर्जित रचनाहरूलाई पुस्तकको रूपमा दस्ताबेजीकरण गर्ने कार्यतर्फ अग्रसरता लिएको छ । यसलाई विद्युतकर्मी साहित्यिक समाज, नेपाल विद्युत प्राधिकरण र समग्र राष्ट्रका लागि पनि सकारात्मक उपलब्धि मान्न सकिन्छ ।

यस कविता अङ्कले ३७ औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा सहभागी हुने कविहरूलाई आफ्नो कविता प्रकाशन भएकोमा खुसी प्रदान गर्नेछ । यस अङ्क जुन जुन कर्मचारीहरूको हातमा पर्छ, उनीहरूलाई यस प्रकारका प्रतियोगितामा भाग लिन थप उत्साह र अभिरुचि पैदा हुने छ । यस अङ्क साहित्यमा रुचि हुने विशेष गरी कवितामा चाख हुनेहरूका लागि महत्वपूर्ण हुनेछ ।

विद्युतकर्मी साहित्यिक समाजले आफ्नो नियमित प्रकाशन अमर ज्योतिमार्फत गत सालको कविता प्रतियोगितामा वाचित साहित्यिक रचनाहरूलाई पुस्तकको आकार प्रदान गरेकोमा धन्यवाद दिँदै अमर ज्योति पत्रिकाको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**(कुलमान घिसिङ)**
कार्यकारी निर्देशक
**नेपाल विद्युत प्राधिकरण**
तथा
संरक्षक
**विद्युतकर्मी साहित्यिक समाज**

# शुभकामना



नेपाल विद्युत प्राधिकरणले वार्षिकोत्सवको अवसरमा गठन हुने कविता वाचन प्रतियोगिता सञ्चालन उपसमिति मार्फत हरेक वर्ष प्रतियोगितात्मक कविता वाचन कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कविता प्रतियोगितामा प्राप्त रचनाहरूलाई विद्युतकर्मी साहित्यिक समाजले नियमित रूपमा अमरज्योति साहित्यिक त्रैमासिकमा प्रकाशन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा अमर ज्योति साहित्यिक त्रैमासिकको ५९ औँ अङ्क गत सालको कविता प्रतियोगितामा वाचित कविताहरूको सङ्गालो अर्थात् बार्षिकोत्सव कविता विशेषको रूपमा प्रकाशित हुन लागेको थाहा पाउँदा  मलाई अत्यन्त खुसी लागेको छ ।

अमर ज्योति साहित्यिक त्रैमासिकको यस अङ्कमा नेपाल विद्युत प्राधिकरणको ३७ औँ बार्षिकोत्सवको अवसरमा वाचन गरिएका प्रतियोगी तथा अप्रतियोगी कविताहरू समाविष्ट छन् । यसमा प्रकाशित कविताहरू नेपाल विद्युत प्राधिकरणभित्रका साहित्यमा अभिरूचि राख्ने मनहरूबाट अभिव्यक्त भएका भावनाहरू हुन् भन्ने कुरामा म विश्वस्त छु । यस अङ्कमा प्रकाशित कविताका कवि तथा कवयित्री सबैलाई कविता लेखनमा अझै प्रोत्साहन मिलोस् र आगामी दिनमा लेखनस्तर थप सुदृढ हुँदै जाओस् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु ।

अमरज्योति साहित्यिक त्रैमासिक पत्रिका आगामी दिनमा अझ बढी उन्नत, परिष्कृत, सशक्त र साहित्यिक यात्रामा एउटा कोशेढुङ्गा बन्न सकोस् । यो ५९औं अङ्कको प्रकाशनमा निरन्तर श्रम, साधन र विवेक लगाउने सम्पूर्ण विद्युतकर्मी साहित्यिक समाज एवं  कविता वाचन प्रतियोगिता उपसमिति सबै धन्यवादको पात्र हुनुहुन्छ ।

यो जोस जाँगर र उत्प्रेरक अभियानमा अझ निखारता थपियोस् भन्ने कामना गर्दै नेपाल विद्युत प्राधिकरणको ३८ औँ वार्षिकोत्सवको अवसरमा सम्पूर्ण सहयोगी मनहरू, प्राधिकरण परिवार, ग्राहकवर्ग तथा शुभेच्छुक सबै महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**(लोकहरि लुइँटेल)**
उपकार्यकारी निर्देशक
**नेपाल विद्युत प्राधिकरण**
तथा
संयोजक
**३८ औँ वार्षिकोत्सव समारोह प्रबन्ध मूल–समिति**

# शुभकामना



वि. सं. २०४२ भाद्र १ गते नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो । हामी यस दिनलाई वार्षिकोत्सवको रूपमा विविध कार्यक्रम आयोजना गरी मनाउछौँ ।

हामीले हाम्रो संस्थालाई केन्द्रविन्दुमा राखेर कर्मचारीहरूमा सकारात्मक प्रभाव पार्ने खालका शारीरिक, बौद्धिक तथा रचनात्मक अतिरिक्त क्रियाकलापहरू यस अवसरमा सञ्चालन गर्दै आएका छौँ । रक्तदान, खेलकुद, कविताावाचन, हाजिरीजवाफ लगायतका क्रियाकलाप यसका केही उदाहरण हुन् ।

नेपाल विद्युत प्राधिकरणको ३७ औं वार्षिकोत्सवका अवसरमा गत साल अतिरिक्त क्रियाकलापअन्तर्गत कविताावाचन प्रतियोगिता पनि आयोजना भएको थियो । सो कार्यक्रममा सहभागी भएका प्रतियोगी कर्मचारी, अप्रतियोगी कर्मचारी, अतिथि कवि तथा अन्य ख्यातिप्राप्त बाह्य कवि समेतका कविताहरू सङ्कलन गरेर विद्युतकर्मी साहित्यिक समाजले वार्षिकोत्सव कविता अङ्क –२०८० प्रकाशन गर्न लागेकोमा निकै खुसी लागेको छ ।

नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले नियमित रूपमा प्रकाशन गर्दै आएको साहित्यिक त्रैमासिक **अमर ज्योति**को नियमित अङ्कमा यी रचनाहरू सुरक्षित राखी यस वर्ष प्रकाशन गर्नु सह्रानीय कार्य हो । यसले गत वर्षका सहभागी कविहरूलाई खुसी प्रदान गर्दछ भने नयाँ कविहरूलाई प्रतियोगितामा सहभागी हुन उत्प्रेरित गर्दछ ।

साहित्यिक अभिव्यक्तिहरू यही समाजका घटनापरिघटनाबाट निःसृत भएका हुन्छन् । उन्नत समाज र संस्कृति निर्माणमा साहित्यको योगदान आदिकालदेखि नै रहि आएको छ । प्राधिकरणको मूल उद्देश्य हासिल गर्नमा सहयोग पुग्ने ऊर्जाशील रचनाहरू हाम्रा कर्मचारी साथीहरूबाट निरन्तर प्रवाहित भैरहून् । वार्षिकोत्सवको अवसरमा यही शुभकामना व्यक्त गर्दछु ।

**(दीर्घायु कुमार श्रेष्ठ)**
उपकार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण
तथा
संयोजक
**३८ औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उप-समिति**

# ● विषय क्रम


**● कविता**

जिउँदो मान्छे — डा. स्वामी केशवानन्द गिरि/९

**●सात कविका सात कविता**

समय साक्ष्य — आर एम् डङ्गोल/१०
दुकानदार — गोविन्द नेपाल/११
स्मृतिमा बा — छविरमण सिलवाल१/२
आगोको जरा — टङ्क उप्रेती/१४
फेरि तिमीलाई सम्झिएँ !
फेरि आज म मरेँ ! — ठाकुर बेलवासे/१५
सहरको शिक्षालय — प्रोल्लास सिन्धुलीय/१७
दर्शनढुङ्गा — मणि लोहनी/१९

**● ने.वि.प्रा.को ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा पुरस्कृत कविताहरू**

देखेको सपना — अनिल के एच् पौडेल/२१
जाली ढोका — उमा न्यौपाने/२३
आमा — विष्णुप्रसाद न्यौपाने/२५
श्वेत क्रान्ति — सुभास पन्त/२७
यो देश समृद्ध होस् — राजेन्द्र अधिकारी/२९

**● ने.वि.प्रा.को ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा प्राप्त प्रतियोगी कविताहरू**

मेरो प्यारो त्रिशूली — कमला कुँवर/३१
वर्तमान परिस्थिति — कविता पोखरेल (सुवेदी)/३३
किनकि हामी शक्तिका पुजारी हौँ — गजेन्द्रप्रसाद श्रेष्ठ/३४
हिसाब — चन्द्रकान्त अधिकारी/३५
प्राविधिक हौँ हामी — ज्वाला घिमिरे/३७
सम्भावनाको चुली — तारानाथ पराजुली/३८
साथी — ध्रुवराज न्यौपाने/३९
सर्वश्रेष्ठ प्राणी हुँ म — ध्रुवराज प्रसाईं/४०
मेरो छिमेकी — नवराज भट्ट/४१
युगको सहारा — नारायणप्रसाद आचार्य/४३
खोई याँठे खोई सोक्पा ? — प्रकाश आचार्य/४५
ए मोबाइल तँलाई कसले बनायो ? — प्रमोद अधिकारी/४६
मसिहाहरूको रबाफ — बलराम पुडासैनी 'परिवेश'/४७
म कर्मचारी — बेनी नेपाली/४८
हे भगवान् यो कस्तो जमाना — भोला शर्मा/४९
माग्ने म — मनोज तिर्वा/५०
सुरक्षा र सजगता — माधवी विष्ट/५२
नेपाल विद्युत् प्राधिकरण — मिमन पुलामी/५३,

अचेल गाउँ एक्लो छ — मुकुन्दप्रसाद प्रसाईं/५५
शुभकामना गीत — रूपा खनाल/५६
मुटु मैले तिमीलाई बचाउन सकिनँ — रामराजा ओझा/५७
माइलो — लक्ष्मण घिमिरे/५८
मनको मलामी — वशिष्ट वन्धु/६०
बगरमा बर्गर हाउस — विकास चित्रकार/६२
अनौठो मान्छे — विक्रमकुमार हमाल/६४
प्रतिज्ञा — विनोद सुवेदी 'हिमचुली'/६५
कर्तव्यको सिलसिलामा हराएको मान्छे म — विष्णुबहादुर अर्याल/६६
सपना — विशाल दाहाल 'निशाम'/६८
सौतेलो — शोमराज शाह 'प्रकाश'/६९
हाम्रो प्राधिकरण — सङ्गीता बानिया/७०
टुकी — सुमन अर्याल/७१
तलब — सुशीला रायमाझी/७२
मान्छेको वास्तविक हैसियत — हरिओम अर्याल/७३

● **ने.वि.प्रा.को ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा वाचित काव्य विधाका अन्य रचनाहरू**

हाइकु — तुमे श्रेष्ठ/७५
राशिफल — राजनऋषि कँडेल/७६
स्वर्गबाट सन्देश — लीलाराज भट्टराई/७८
गजल — शालिकराम सापकोटा/७९

**अन्य रचनाहरू**

एक सांसदको बकपत्र — आविष्कार कला/८०
सम्बन्धसेतु — कृष्णदेव रिमाल 'शब्दसेना'/८२
स्वभाव — रीता चालिसे खनाल/८४
गजल — विष्णुप्रसाद आचार्य 'अतृप्त'/८५
साहित्यिक यात्रा लमजुङतिर — शारदादेवी पोखरेल भट्टराई/८६

●**साहित्यिक गतिविधि**

गणतन्त्र दिवसको उपलक्ष्यमा पुस्तक लोकार्पण तथा काव्य गोष्ठी सम्पन्न/८७
पत्रिका लोकार्पण तथा अमरज्योति साहित्य सम्मान- २०८० समर्पण कार्यक्रम सम्पन्न/८९
विद्युतकर्मी साहित्यिक समाजद्वारा विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक योगदानको सम्झना/९१

● **ने.वि.प्रा.को वार्षिकोत्सव समारोह विशेषः**

३७ औं वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलापः एक झलक/९३
३८ औं वार्षिकोत्सवको अतिरिक्त क्रियाकलाप तालिका/९५

# जिउँदो मान्छे



डा. स्वामी केशवानन्द गिरि

चिमोट्दा ऐया भन्दैन
कोपर्दा दुख्यो भन्दैन
सुकेको मुडोजस्तो
यो समाजमा खै कहाँ छन् ज्यूँदा मान्छेहरू ।

ज्युँदो हुन त बाँच्नुपर्छ
बाँचेको मान्छे हाँस्नुपर्छ
चल्नुपर्छ, चलमलाउनुपर्छ
यताउता हेर्दै हेर्दैन
दायाँबायाँ गर्दै गर्दैन
कुहिरोमा दबिएको कागजस्तो
उज्यालोले अन्धो भएको लाटोकोसेरोजस्तो
पार्टीको हलोमा नारिएको कार्यकर्ताजस्तो
प्वाल परेर घोप्ट्याएको कालो हाँडीजस्तो
आफ्नै भारले किचिएर
अन्यहीन वेदनाले चिरिएर
अस्तिता र अस्मिता बिर्सिएको
यो समाजमा खै कहाँ छन् ज्युँदा मान्छेहरू ।

सबै निराशाका चितामा जलिरहेका
भित्रभित्रै हीनताबोधको आगोले जलिरहेका
बेसहारा बेहोस आत्मग्लानिले ढलिरहेका
नसा र निशाले दिशाहीन
यो तिम्रो समाजमा खै कहाँ छन् ज्युँदा मान्छेहरू ।

(कवि ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगिताका प्रमुख अतिथि हुनुहुन्छ ।)



# समय साक्ष्य

आर एम् डङ्गोल

भद्दा छ समय आवरण
ग्राहक धाइरहेको छ विषयविविध अर्थ बजार

विज्ञापनको यो दुनिया
पूर्वजको
दुःखको कथा खोज्दै छ

गोरखधन्दा सकेर
बिहानै घरघरबाट निस्किएका
कुनै साङ्केतिक पात्र
यहीँ
वरपर वारिपारि गर्दै
कसैका विरूद्ध
उपेक्षा, अपहेलना, तिरस्कारको समर्थनमा
नारा लगाउँदै छ

यत्रो भीषण उकुसमुकुस
नाघेर तराई
गाउँ नै रोक्ने दाउपेचजस्तो
हिमालै छेक्ने स्वस्तिवाचनजस्तो
यी औजारहरूको
अक्षम्य दुरुपयोग रोक्न
नक्सा पल्टाएर
वीरगाथाको मिथक सम्झाउँन
निस्केको छु आफैँ
फेरि अर्को युद्ध बजारमा

यता देशको
घर, ढोका, झ्याल
राष्ट्रियताको नाममा खुल्ला छ

साक्ष्य खडा छ
दिक् काल, घडी पलासँगै
घुम्दैघुम्दै यहीँ आइपुगेका
सहस्र घाम, जून, तारा ।

# दुकानदार



**गोविन्द नेपाल**

रकमी मुस्कानमा पोको पारेर
दुकानदार
मसला मात्र बेच्दैन
त्यसमा मिसाएर
एकमुठी विश्वास बेच्छ
एक पसर इमान
र एक अञ्जुली सत्यता पनि बेच्छ !

यो चाहिँ पियोर हो
यो चाहिँ ताजा छ
यसमा त घाटैघाटा छ
यो चाहिँ साउँको साउँ
बसौँदेखि यसरी नै ऊ
महँगोमा झुट बेचिरहेछ !

के गरोस् बिचरा
तितो नरिवल भिडाउन
गुलियो गफ गर्छ
मोटा चामल बिकाउन
चिल्ला गफ गर्छ
कमसल चिज कटाउन
शानदार गफ गर्छ
बोल्नेको पिठो बिक्छ
सामानमा मिसाएर
दुकानदार गफ पनि बेच्छ !

बेच्ने क्रममा उसले
नबेच्नुपर्ने धेरै कुरा बेच्छ
आखिर बिक्रेता हो
बेच्नु उसको धर्म
यसैक्रममा ऊ
श्रीमतीका बैँसालु रहरहरू बेच्छ
केटाकेटीका सपना र चाहना बेच्छ
सँगसँगै बेचिन्छ
आफ्नै रहरलाग्दो उमेर पनि !

रकमी मुस्कानमा पोको पारेर
दुकानदार सामान मात्र बेच्दैन
बेच्दाबेच्दा आखिर उसले
सिङ्गो जिन्दगी नै बेचिसक्छ !!



# स्मृतिमा बा

**छविरमण सिलवाल**

बुइँगलमा मकैका कुनिउँहरू
रित्तिइसकेका छन्
दुधिला भएका छन्
मकैका नयाँ बोटहरू
चोटाका
भकारीहरूमा
धान ज्युँका त्युँ थिए
तैपनि बा पिठो पैँचो गर्न
गाउँमा जान्थे
एउटा बालक
बाबुको पदचाप
पछ्याउँदै हिँड्थ्यो
केही बुझ्दैनथ्यो
बा, आमासँग कुरा गरिरहेको ऊ सुन्थ्यो
बुढी यो बुढो श्रावण कहिले बित्ला ?
यो अनिकाली महिना कहिले बित्ला ?

त्यसबेला
त्यो बालकले बाआमाका
कुनै कुरा बुझ्दैनथ्यो
उसलाई भने खुल्दुली चलिरहन्थ्यो
धान कुटेर खाए भैहाल्थ्यो नि
किन सधैँ पिठो पैँचो गर्नु पर्‍या हो,
छिमेकीका क्रुर भनाइ सहेरै

बा एकदुई पाथी पिठो ल्याउँथे र पछि फिर्ता गर्थे ।
बाल मथिङ्लमा धेरै कुराहरू

पानी घट्ट घुमेझैँ घुम्थ्यो
तर बासँग कुनै प्रश्नको उत्तर खोज्ने
आँट थिएन,
भदौ लागेपछि चोटाका धानका भकारी
रित्तिन्थे,
खै कहाँबाट आएका हुन एक हुल मान्छेहरू
तिनीहरूले नै हाम्रो भकारी खाली गरेर धान लग्थे
तर बुइँगल भने भरिभराउ हुन्थ्यो मकैले ।

मलाई खुल्दुली चलिरहन्थ्यो
धानको भकारी किन खाली भयो ?
कहाँ लैजान्छन् हाम्रो धान ?
किन लैजादै छन् हाम्रो धान ?
अहिले बा बितेका वर्षौं
भएको छ,
ती उत्तरहरू
आफसेआफ झरेका छन्
हाम्रो मझेरीभरि

ती धानका बोराहरूसँग
बाले हाम्रो भविष्य साटिरहेका रहेछन्
पैँचो गरी ल्याएका पिठो खुवाएर पनि
हाम्रो भविष्य सेतो चामलजस्तै
उज्यालो बनाएका रहेछन्
धन्य हाम्रा बा
अहिले हाम्रा उन्नति प्रगतिका
नापतौल गरिरहेका होलान्
उनका दुःखका पहाडहरू
अहिले सम्झँदा मन
अमिलो हुन्छ
म
एक्लै कोठामा बसेर
बाको तस्विर हेर्दै टोलाउँछु,
बाले मुस्कुराउँदै
हाम्रा यावत् प्रश्नहरूको उत्तर
एक मुस्कानले
दिएको पाउँछु ।



# आगोको जरा

टङ्क उप्रेती

आगोले नै छोपेको आगो निभ्दैन हिउँले थिचेर
जलिरहेछ मनमा सनातन आगो अनादि कालदेखि नै
र यसैको तापले पोलिरहेछ
मन, मुटु र मस्तिष्क

यो तह तह आगोलाई निभाउन खोजिँदैछ
जमिनदेखि नै उधिनेर माटोले पुर्दै
जङ्गलै लछारेर स्याउलाले हिर्काउँदै

तर यो आगोको जरा अकल्पनीय लामो छ
अकल्पनीय फराकिलो !
यो आगो भतभुताएको छ दुःखबाट
शोषण र अन्यायद्वारा उब्जिएको पीडाबाट

आइसक्रिमजस्तो हिउँले छोपिँदैन दुःखको आगो
हरियो स्याउलाले निभ्दैन वेदनाको आगो
जलाएरै छाड्नेछ यसले एकदिन दुःखको जरा
त्यसदिन जल्नेछन्- आगो छोप्नेहरू पनि ।

# फेरि तिमीलाई सम्झिएँ !
# फेरि आज म मरेँ !



ठाकुर बेलवासे

मेरो मनमा हिउँको पहाड घोप्ट्याएर
तिमीले भन्यौ–
"तिम्रो मन जम्नु पर्छ
सदाका लागि !"
चुपचाप मैले स्वीकारेँ

आँखामा उराठ बादलको पर्दा हालिदिएर
तिमीले भन्यौ–
"तिम्रा रहरहरू सुक्नु पर्छ
सदाका लागि !"
मौन सम्मतिमा उभिएँ

पदयात्रीले कुच्चिएर घाइते गुलाफका मुठाले
मेरो मुटुलाई थिचेर
तिमीले भन्यौ–
"अब
तिम्रो मुटु चल्नु हुन्न मेरा नाममा !"

फाँसीमा झुन्डिनु अगिको मान्छेजस्तो
म विगतका ती रङ्गीन अनि चञ्चल दिनहरू सम्झेर
तिमीलाई हेरिरहेँ

तिमीले मेरा
ती सपनाहरू सँगै सबै खुसीहरू

हत्यारा डाँकुले जस्तै लुट्दै भन्यौ
"मेरा अगाडि मर !"
म चुपचाप तिम्रा अगाडि जिउँदो लास बनेँ

मैले
यी सब पीडाहरू सहनुको
एउटै कारण थियो
म तिमीलाई माया गरेर मात्रै बाँच्न सक्थेँ !

मन पर्ने मान्छेले
जस्तै पीडा दिए पनि सन्चो लाग्दोरहेछ !
मुटुमा राखे पछि त
सुकेको गुलाफ पनि रातो बन्दोरहेछ !

यतिका वर्षपछि फेरि तिमीलाई सम्झिएँ
तिम्रो सम्झनाको विषले
फेरि आज म मरेँ !

मर्दैमर्दै बाँच्नुको अर्थ
कसैलाई माया गर्नेलाई मात्रै थाहा हुन्छ !

belbasethakurgmail.com



# सहरको शिक्षालय

प्रोल्लास सिन्धुलीय

पाँच बजेको होइन
बजेको हो–
जिन्दगीको अलार्म घडी
उठ भविष्यका कर्णधार !

दुध गाडीले होइन, गाई-भैँसीले दिन्छ
चामल बोराले होइन, खेत-खलियानले दिन्छ
तरकारी खर्पनले होइन, बारी-टारीले दिन्छ
पढ्नु छ सर-मिसहरूसित कत्तिकत्ति
बोक भारी किताबको
दौडिएनौ भने छुट्छ स्कुलबस
कुद सपनाका धरोहर !

दिनभर के-के पढ्यौ ?
चामलको बोट ?
दुधको मुहान ?
तरकारीको जात ?
पढ्यौ होला– रेशमकीराको जीवनी !
पक्कै पढेनौ
हामीले सम्झाउन छुटाएका कुरा–
– दुध गोरूले दिलाउँछ
– भात घोडाले कमाउँछ
– तरकारी भेडाले उब्जाउँछ
– लुगाफाटो खच्चडले बुन्छ

– शिक्षा गधाले प्रदान गर्छ
– ती गोरू-घोडा-भेडा वा खच्चड-गधा
सिर्फ तिम्रा बाबु-आमा हुन् ।

सर-मिसहरूको थर के हो ?
थाहै नहोला तिमीलाई
कसरी थाहा होस्–
त्यो स्कुल
जहाँ तिम्रो आधा
अनि तिम्रा सर-मिसहरूको
बचेको जिन्दगी सकिन्छ,
सरकारले डामेर छाडेको
कुनै साँढेको हो भनेर !

तिमीले मगजमा
कोर्दै गरेको चित्र बोलिरहन्छ–
पढाइ सकेर तिमी कहाँ जानेछौ ?
कसले बनाउन सिकायो यस्तो कुरूप नक्सा–
जसमा छैन तिम्रै देशको प्रस्ट चित्र ?
सहरसमेत धमिलो छ
गाउँ खोई ?
हाम्रो घरसम्म पुग्ने बाटो खोई ?
कहाँ छ तिमीले पढेको शिक्षालय ?
सोध पढाउनेलाई–
किन देशबाहिरका रेखाचित्रमात्रै
झल्झलाकार छन् यसमा ?
यस्तै पढेका थिए तिम्रा सर-मिसहरूले ?
पढेका भए
किन छन् उनीहरू यतिबेलासम्म
यही धमिलो चित्रभित्र ?

तिमी बुझ्दैनौ यो राजनीति
सुत यो देशका प्यारा बच्चाहरू !!

# दर्शनढुङ्गा



**मणि लोहनी**

र, बाटाभरि भेटिन्छन्
दर्शनढुङ्गाजस्ता अक्षरहरू ।

यही काँचको गिलासमा
पिएको हुनुपर्छ उसले रक्सी पटकपटक
यो चुरोट निभाएको भित्तो
बिर्को नभएको कलम
र रङ्ग उडेको कागज– सबै उसैका हुनुपर्छ
उसैका हुनुपर्छ,
उरन्ठेउला केटीको हाँसोजस्तो बुङ्बुङ उड्ने धुलोमा
यी पाइलाका डोबहरू ।

हामी हिडिरहेका छौँ, यही गोरेटोमा
जहाँ उसले छोडेर गएको छ– दर्शनढुङ्गाजस्ता अक्षरहरू ।

यहाँ अहिले पनि
रुखहरूमा काँप्छन् गायकका हृदय
कविहरू एक चिम्टी सुर्तीका लागि बेचिरहेछन् कविता
कलाकारको रगत भेटिन्छ पेन्टिङमा
र नाङ्गो छातीमा धुन टाँसेर हिँडिरहेछ सङ्गीतकार
यस्तैमा भेटिन्छन्, असङ्ख्य मणि लोहनीहरू
जो एक सर्को धुवाँका लागि
पटकपटक ठोकिरहेछन्– दर्शनढुङ्गा

भयङ्कर-भयङ्कर किताबहरूका बिचमा रहेको
यो मसिनो पुस्तिका
रातो क्रान्तिकारी गीतको छेउमा
उद्धृत गरिएको कविता
मायालु शब्द,
जसलाई भर्खरै प्रेमी तन्नेरीले च्याटमा अरू कसैलाई पठायो
ऊ त्यो नेताले बोल्दै गरेको भाषण
कुमारी केटीको उकुसमुकुस
हल्लामा रूमल्लिरहेका जनता
सबैमा ऊ बाँडिएको छ, अलिअलि

र, बाँकी आफूलाई
छाडेर गएको छ — यही दर्शनढुङ्गाहरूमा ।
manilohani@hotmail.com



## ने.वि.प्रा.को ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा पुरस्कृत कविताहरू

**प्रथम स्थान प्राप्त कविता**

# देखेको सपना



**अनिल के एच् पौडेल**

ब्रह्माजीले काँधमा बोकेर हिंडेको सगरमाथा
यस्तो ठाउँमा राखिदिनु भयो
जसले मुस्कुराउन हाम्रा ओठबाट सिकेको छ

गुराँसको घुम्टो ओढेका पहाडहरू
पहेँलो पटुकी बेरेको तराई
लजाई लजाई मुस्कुराइरहेछन्

हामी ती हिमालमा हाँस्ने गर्छौं
त्यो तराईमा नाच्न सिकाउँछौं
मातृभूमिको माया गर्दै
संसारलाई बाँच्न सिकाउछौं

हिमालका हर्षका आँसु झर्छन्
डाँडाको खौँचमा सङ्गीत भर्छन्
ऊर्जाशील पाखुरी देखेर सामु
थोपाहरू मक्ख पर्छन्

ती प्रत्येक थोपा प्रेमले छेक्नु छ
उज्यालो नेपालको गाथा लेख्नु छ
समृद्धिको शिखर टेकी
खुसी राष्ट्र देख्नु छ

म जन्मँदै घोप्टो परेर जन्मिएको रे
यो माटो त मैले जन्मँदै ढोगेको रहेछु
जब बुबाले मलाई हातमा लिनुभयो
देख्नु भएछ निधारमा माटो लागिरहेको
अहिले सोच्छु मसँग देशले केही अवश्य मागिरहेको

झुसिलो खोरियामै कोरिया देख्नु छ
गुन्द्री, राडी बनाएरै खाडी भुल्नु छ
आफ्नै करेसाबारीझैँ संसार डुल्नु छ

लाफिङ मिठो सोलुमा खाऊँला
दुधकोशी र्‍याफ्टिङ फर्केर आउँला
फोक्सुण्डो रारा, मिलेर सारा
हाक्पारे, देउडा नाचौँला गाउँला
नमस्ते, सेवारो, फ्याफुल्ला लाफा
सबैलाई हेर्ने समान होस् आँखा

हरेक ओठ हाँसेको देखियोस्
कदम कदम नाचेको देखियोस्
अर्मपर्म गरेर कर्म
स्वाभिमानी भई बाँचेको देखियोस्
समृद्ध नेपाल - मेरो सपना
विपनामा यस्तै देखियोस् ॥

**मिक्लाजुङ-३, मोरङ**
**हालः मेलम्ची वितरण केन्द**

**द्वितीय स्थान प्राप्त कविता**



# जाली ढोका

**उमा न्यौपाने**

सन्तानको माया कसलाई पो हुन्न र !
त्यसैले त,
गाँसै काटेर भए पनि,
पसिना काढेरै भए पनि,
टाढाटाढासम्मका गाउँमा पुगेर
निकै सङ्घर्षपछि,
बलियो, टिकाउ, छिप्पिएको सालको
एउटा जाली ढोका हालियो घरको मूल ढोकामा
केवल मेरै लागि र म जन्मनुभन्दा धेरै अगाडि ।

लामखुट्टे, सर्प, किरा फट्याङ्ग्रालगायतले छुन नसकून् !
तिनीहरू
मेरा नजिक हुन नसकून् !
कस्तो ममता !
आहा ! कस्तो दूरदर्शिता ।

यो कथाबाट बेखबर म
चुपचाप चुपचाप खेल्थेँ त्यो जाली ढोकासँगै,
भोक, निद्रा, हाँसो, आँसु साट्थेँ र बेलाबेलामा चाट्थेँ पनि ।
बिछट्टै प्यारो लाग्थ्यो त्यो जाली ढोका
मेरो अन्तिम गन्तव्य त्यही थियो-
घरको मूल ढोका जो थियो

समयको पङ्खले मलाई डोऱ्याए पनि
जाली ढोका उस्तै थियो, सुरुवाती विश्वासजस्तै-

बलियो र टिकाउ ।
प्रत्येक दिन पुजिने बाल्यकालको मेरो प्रिय त्यो जाली ढोका
एकदिन चुपचाप चुपचाप निकालिँदा
उहाँहरूको विश्वास मात्र हैन
दूरदर्शिता र आस्था पनि उखेलिँदै थियो रे !

र,
आजसम्म पनि
जबजब म मूल ढोका सामुन्ने पर्छु
आफैँलाई प्रश्न गर्छु–
त्यो जाली ढोका जाली कि मेरा बा ?

**आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.**



तृतीय स्थान प्राप्त कविता

# आमा

विष्णुप्रसाद न्यौपाने



आमा नरोऊ न, म तिमी रोएको हेर्न सक्दिनँ
तिम्रा आँखाबाट आँसु किन झर्छन् थाहा छ मलाई

भूकम्पले तहसनहस भई छट्पटाउँदै गर्दा
नाकाबन्दीको मलम लगाउने माइलो दाइ
बुझेको छु आमा
तुइन तर्दै गर्दा कसरी चुँडिन्छ ?
कोशी र महाकाली बर्सातमा नेपालतिर किन मोडिन्छ ?
जेठा दाइ भन्लान् चेमलोङ्मा पनि बिस्तारै उत्तरतिर बढ्छ
दशगजामा गाडेको बलियो खम्बा रातारात उकालो चढ्छ
यदि उकालो चढ्न सकेन भने सधैँ उभिन सक्दैन, बरु मर्छ
लिम्पियाधुरा र लिपुलेक कहिले सरे पश्चिमतिर ?
अनि काली नदीलाई नेपाल सारै मन पर्छ क्यारे
सर्छिन् सधैँ पूर्वतिर

उत्तरबाट पसेको चिसो हावा
पूर्व, पश्चिम र दक्षिणको हुटहुटीसँग मडारिँदा
सगरमाथाको चुचुरोबाट खलखली पसिना बग्छ
अनि, पौरख गर्न नसक्ने सन्तानले
अंशबन्डा गर्ने नाउँमा
छातीबाट चिरा चिरा पार्दा
ऊ परतिरको छिमेकीले तिम्रो उपचार गर्ने निहुँमा
तिम्रै मृगौला झिकेको हेर्न सक्दिनँ आमा

अमर हुँ, भक्ति हुँ, बलभद्र हुँ, हुँ विश्वशान्तिको द्योतक
रक्षा गर्छु तिम्रो सतित्व
मेरो रगतले भिज्दा उर्वर बन्छ भने माटो
मर्न तयार छु आमा
तर
मेटिन दिन्न तिम्रो अस्तित्व ।



चतुर्थ स्थान प्राप्त कविता

# श्वेत क्रान्ति



सुभास पन्त

क्रान्ति भन्नासाथ
आङ जिरिङ्ङ हुन्छ धेरैको
सम्झन्छौँ कालो विगत
हत्याहिंसा
छरपस्ट
विभत्स लासहरू ।

क्रान्तिमा कसैको सिन्दुर पुछ्नै पर्छ र !
आगजनी, ध्वंस निम्त्याउनै पर्छ र !
आउनुस् अब,
नयाँ ढङ्गको, रङ्गको
क्रान्ति गरौँ
जहाँ अन्धकार होइन
बरु उज्यालो छाउने छ
पन्छीले निर्विघ्न गीत गाउने छ
मान्छेको जीवनमा नैराश्य होइन,
जाग्ने छन् आशाका नयाँ किरण
हुनेछ सुनौलो बिहान ।

भोग्यौँ धेरै रक्त क्रान्ति
अब पालो श्वेत क्रान्तिको
जहाँ बग्ने छैन रगत
बरु ठाउँ ठाउँमा ठडिने छन् पोलहरू
टाँगिने छन् तारहरू

हुनेछन् झलमल्ल
गाउँ र बस्तीहरू
खुल्नेछन् उद्योगहरू
चल्नेछन् निर्बाध !!

बल्ने छैनन् चुलोमा ग्याँस
राखिने छैनन् भान्सामा बमहरू
छोएर एउटा बटन
पाक्नेछन् गुन्द्रुक र ढिँडोहरू
जोगिनेछन् वनहरू
सुस्ताउँदा बुढी आमै आँगनमै
पाउनेछिन् स्वच्छ वायु
दिनेछन् लाख लाख आशीर्वाद !!

नगरौँ विलम्ब अब जागौँ
उज्यालो नेपाल बनाउन लागौँ
समाएर हातमा हात
दिँदै एकअर्कालाई साथ
श्वेत क्रान्तिका लागि
बनाऔँ सबल विद्युत गृह
मुटुसमान हुने छ प्रिय ।

**अपर तामाकोशी हाइड्रो पावर लि.**

चतुर्थ स्थान प्राप्त कविता

# यो देश समृद्ध होस्



**राजेन्द्र अधिकारी**

हाम्रो देश विकासका पथहरू बुझ्नेहरूको बनोस्,
आजैबाट अथाह जाँगर फुरोस् मान्छे इमानी बनोस्
सेवा गर्न सकौँ भनेर मनमा इच्छा सदा उर्लियोस्,
अल्छ्याईं मनमा प्रवेश नगरोस् को प्रेम होस् ।

(१)

हाम्रो शक्ति मधेश दिव्य धन हो सच्चा छ संरक्षक,
सेता ती हिमश्रृङ्खला हुन गए यो विश्वकै मानक
धेरै जात र धर्म भेष र भुषा मान्छन् यहाँ मानव,
झर्ना, ताल, हिमाल, वृक्षहरू छन् नेपालका गौरव ।

(२)

खानी रत्न तथा अथाह धनका पोका यहीँ लुप्त छन्,
ऊर्जाशील भूमि छ यो भुवनमा, विद्या, कला व्याप्त छन्
टोपी नै शिरको हिमाल छ उँचो आँखा, खुलेनन् तर
नेताको मनमा सधैँ प्रचुरता सद्भाव होस् सुन्दर ।

(३)

हाम्रो देश अथाह गुप्त  धनको पोको चिनौँ शीघ्रता,
धर्तीको महिमा बुझेर अब ता होस् काममा तीव्रता
धर्ती हुन्न खराब बुझ्नु सबले सम्भावना हुन्छ है,
माटोको उपयोग गर्नु कसरी बुझ्ने कुरा यो छ है ।

(४)

हाम्रा आचरणीय कर्महरूमा सत्भावको जन्म होस्,
अल्छे अक्षमको विनाश गरियोस् शिक्षा अझै फैलियोस् ।
नेपाली जनता विदेशतिर नै खट्छन् बडो कष्टले,
हाम्रो देश हुँदैछ आज टुहुरो मासे सबै भ्रष्टले ॥
(५)

बिन्ती गर्दछु एक सज्जन महाँ आँखा खुलेनन् किन ?
पेसा देशमहाँ अभाव किन हो ? खाडी छ प्यारो किन ?
भित्री ज्ञान खुलोस् सद्भाव भरियोस् मैलो मनै सङ्लियोस्,
सारा मानिसमा सुबुद्धि भरिँदै यो देश सम्पन्न होस् ॥
(६)

छन्दः शार्दूलविक्रीडित

**नेपाल विद्युत् प्राधिकरण,**
**भद्रपुर वितरण केन्द्र, झापा ।**



# मेरो प्यारो त्रिशूली



कमला कुँवर

जेष्ठ शुक्ल दशमीमा प्रादुर्भाव भयो
त्रिशूलले खोप्दा बगिन्, त्रिशूली नाम रह्यो ।
विषको डाहा मेटाउन छट्पटिँदै हिँड्दा
धारा हुँदै गोसाईंकुण्ड पुण्य तीर्थमार्ग ।

हिमालको काखमा छ सानो मेरो ठाउँ
डाह शान्त बनाउने शिवको त्यो गाउँ
त्रिशूली शिर बन्यो प्यारो गोसाईंथान
एक सय आठ कुण्ड देशको पहिचान ।

रसुवा, नुवाकोट, धादिङ हुँदै बग्छिन् सललल
बिजुलीको उत्पादन भो गाउँ सहर झलल्ल ।
अमूल्य त्यो जलभण्डार प्रकृतिकी रानी
दायाँबायाँ फाँटभरि झुल्छन् अन्न बाली ।

आयोजना धेरै सफल फस्टाउँदै उद्योगधन्दा
राष्ट्रसामु देन छ ठुलो अरू ठाउँको भन्दा
गर्मी महिना निर्मल जलमा डुङ्गा सयर गर्दै
देशविदेशका पर्यटक छन् आनन्दमा रम्दै ।

सफल हुन बाँकी छन् है आयोजना कति
सदुपयोग गर्नुपर्छ अझै सकेजति
जल, जमिन, जङ्गललाई प्रेम गर्नुपर्छ
तब मात्र आर्थिक पाटो सबल हुन जान्छ ।

वर्णन गरी साध्य छैन त्रिशूलीको जलको
पौडी खेल्दै बितेका दिन बालापनको झल्को
आहा हामी नेपाली छौं कति भाग्यमानी
उपभोग गर्न पाएका छौँ जलस्रोतकै खानी ।

शान्त, सुन्दर, रमणीय त्रिशूलीको जल
देशविदेशमा बगेको छ बिजुलीको भल ।

**आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.**



# वर्तमान परिस्थिति



**कविता पोखरेल (सुवेदी)**

जटिल समय, अप्ठेरो परिस्थिति
जतातते निस्पट्ट अन्धकार
छटपटाहट, रोदन, चिच्याहट
चिन्ता, भय, त्रास, तनाव
के गरौँ, कसो गरौँ अन्योलता ।

सहजताको पर्खाइ, बेचैनी
लामो कुराइ, गहिरो सुस्केरा
सन्त्रास, विश्व त्राहिमाम अवस्था
लौन, भविष्यको अति चिन्ता
के गरौँ, कसो गरौँ, अन्योलता ।

बजार बन्द, खाद्यान्न अभाव
हाहाकार, निषेधाज्ञा, भ्रष्टाचार
काला बजारी, कृत्रिम, अभाव, छैन भर
कोभिड विरूद्ध विश्व आक्रान्त
के होला, कसो होला अन्योलता ।

कतै ज्यान जोगाउने छटपटी ।
कतै कुर्सी बचाउने दाउपेच
घोचपेच, वाकयुद्ध, नाटक मञ्चन
लासमाथि लासको चाङ
मन छिया छिया
अपरिपक्व नेता, अस्थिर थिति,
के होला भावी नीति ।

भताभुङ्ग देश, लथालिङ्ग नीति
लुछाचुँडी, भागबन्डाको राजनीति
खण्ड खण्ड विभक्त, कठै राजनीति
कसरी समेट्ने, कस्तो छ भावी नीति
मौनता, अन्तत झिनो आशा
लामो पर्खाइपछिको सहजता, अनुकूलता ।

**अनारमनी वितण केन्द्र, ने.वि.प्रा. झापा ।**



# किनकि हामी शक्तिका पुजारी हौँ

गजेन्द्रप्रसाद श्रेष्ठ

हामी विवेकशील प्राणी
असल खराब छुट्याउने क्षमता छ हामीमा
तर पनि
असललाई खराब बनाई खराबलाई असल भनिदिन्छौँ
यदि शक्ति उसको हातमा भै दिए
यो हाम्रो नजरको दोष कदापि होन
हजार दोष उनका लाखौँ गुणमा क्षणभरमै बदलिदिन्छौँ
यदि ऊ शक्तिशाली भैदिए
यसमा पनि हाम्रो केही गल्ती छैन
शक्तिकै लागि मुर्खलाई बुद्धिमान् बनाइदिन्छौँ
विद्वान् त त्यसै मुर्ख भै गए
भुल त यो पनि हाम्रो हैन
त्यसैले त
यस्ता साना त्रुटिलाई हामी नजरअन्दाज गर्दै
असक्षमलाई सक्षम ठानी काँधमा बोकेर
दुर्जनलाई सज्जन मानी नतमष्तक भएर
हामी शक्तिकै वरपर झुमिरहन्छौँ
माहुरीले फूलको वरिपरि झुमिरहेझैँ
शक्तिका सामु लम्पसार परेर
शत्रुलाई पनि अभिन्न मित्रझैँ सम्झी
पराधीनमा पनि स्वाधीनताको बिगुल बजाई
अपमानको प्रत्येक शब्दलाई हामी
सम्मानको माला मानी
शक्तिकै आडमा हामी लुटपुटिइरहन्छौँ
किनकि, हामीलाई शक्ति प्यारो छ
किनकि, हामी शक्तिका पुजारी हौँ ।

आयोजना विकास विभाग

# हिसाब



**चन्द्रकान्त अधिकारी**

शिशु कक्षामा पढ्दै गर्दा
बाले  १५२२०७ तिमी गुन ७३
भन्दा उत्तर फ्याट्ट मिल्दा
बा र मेरो खुट्टा भुइँमा थिएन
उत्तर जति सही थियो
हिसाब दिने मेरा बा र मिलाउने म
दुवै सही थियौँ ।
म बालक थिएँ र सही थिएँ
मेरा बा छलछाम र
बाङ्गो गणित नजानेर सही
त्यसैले उत्तर सही र समान आयो ।
अचेल बाले मलाई हिसाब दिनुहुन्न
किनकि
मेरो हिसाब र निसाफ दुवै मिल्दैन
त्यसैले बा चुपचाप हुनुहुन्छ ।
प्रियाको उत्तर पनि मिल्दैन
दिक्क मानी नमिलेको अशुद्ध गणित
सिरानीमा हालेर सुत्छिन् अचेल प्रिया ।
बचेरा चिच्याउँदै गणितको पछाडि हेर्छ
उत्तर मिल्दैन भन्छ
उत्तर सही आएन बाबा ।
यहाँ हिसाब दिने र हिसाब गर्ने दुवैको
गणित शुद्ध छैन
त्यसैले

समाजवाद, साम्यवाद  पुँजीवादका सूत्र र पुत्र
राखेको गणित मिल्दै मिल्दैन ।
वादबाट वाद घटाउँदा र वादै जोड्दा
उत्तरवाद बाहेक केही आउँदैन ।
वादबाट निकालिएको सूत्र नमिल्दा
नाना, खाना र छानाको
हिसाब मात्र हैन निसाफ पनि बिग्रिएछ ।
अब उठेर
गणित सूत्र शुद्ध चलाउनु छ
गलत हिसाब दिने र लिने दुवै हराउनु छ
आउँदो पिँढीको हिसाब र निसाफ सही गराउनु छ ।

**पदपूर्ति विभाग, ने.वि.प्रा.**



# प्राविधिक हौँ हामी



ज्वाला घिमिरे

कैयौंको मुहारमा मुस्कान छर्न
पोलमा चढ्छौँ हामी,
रातबिरात खट्दै लड्दै
उज्यालो छर्छौं हामी,
(अन्धकार सहन सक्दैनौँ है ! अब
अहिलेका प्राविधिक हौँ हामी ॥) २

हुरी बतास अनि वर्सात्मा
निद्रा हुँदैन हामीलाई प्यारो,
सिडि बोकी हिँड्न तत्पर
भए तापनि मात्र अँध्यारो,
(हो ! हामी नै हौँ प्राविधिक
हामीलाई जनताको हाँसो नै छ प्यारो ॥) २

डर, त्रास अनि आफ्नो खुसी देखिँदो रहनेछ,
काम र कर्तव्य नै प्यारो
जोखिमपूर्ण काम गर्छौं हामी,
सेफ्टी नअपनाए पर्छ हामीलाई सारो
(हो ! हामी नै हौँ प्राविधिक
एकछिन बिजुली गए, पर्छ सारै चटारो ॥) २

दुई पैसाको  लोभमा आफ्नो जिम्मेवारी भुल्नु हुन्न,
कसैको आँखामा आँसु हामीलाई सहन हुन्न
पूर्णता र धैर्यताको बानी बसाल्छौँ,
एकलै वीरता नदेखाइ, 'टिम वर्क' लाई अङ्गाल्छौँ
(हो ! हामी हौँ प्राविधिक उज्यालो नेपाल हामी आफैँ बनाऔँ ॥)२

**पद/तह : स.ले.पा- ४,  रत्ननगर टाँडी**

# सम्भावनाको चुली

तारानाथ पराजुली

ढल्क्यो यो युग घामझैँ क्षितिजमा, धेरै अबेला भयो
लत्रन्छौ किन कोपिला ? हिँड छिटो यात्रा छ अस्तित्वको ।
तिम्रा कर्मठ पाइला शिखरमा ताकेर लम्काउँनू
नौलो आगतको प्रतीक खुदमा खोजेर चम्काउनू ॥१॥

लाखौँका घर कामधेनु दुहुना बाँधेर हुर्काउँछौँ
सत्सङ्कल्प छ कल्पवृक्ष अरबौँ उद्यानमा ल्याउँछौँ ।
यस्तै मन्त्र जपेर कर्म करले लाखौँ, करोडौँ गरी
तिम्रो आँत डटेर ल्याउन सकोस् सम्पन्नताको झरी ॥२॥

लड्नू मानवता निमित्त मनले औत्कण्ठ्य प्याला पिई
हिंसाको जड अन्धकार छ यहाँ, आऊ उज्यालो लिई ।
सारा दम्भ, विभेदका जहरिला पर्खाल चर्काउनू
आँधीसँग जुधेर यो भुवनको सद्भाव फर्काउनू ॥३॥

लाखौँ भौतिक सम्पदासँग भिजी विज्ञानको माझमा
आत्माभोग्य सुधा अनन्त पिउनू अध्यात्मको काखमा ।
बोकी बुद्धऋचा जगद्गुरू बनी संसारमा लम्किनू
घोली प्रेम र कर्मयोग मुटुमा श्रीकृष्णझैँ चम्किनू ॥४॥

माटोसँग मुछेर रक्त पसिना, पोतेर पाखा, भिर
आफू, राष्ट्र, समाज, विश्व, युगका उत्थानका खातिर ।
आफ्नो धर्म समान कर्म छ बुझी सङ्घर्ष यस्तो गर
तिम्रो नाम लिएर भावुक बनी झन्डा गरोस् फर्फर ॥५॥

आगामी इतिहासका रचयिता, संसारका आस हौ
पाना हौ, रस, भाव हौ, कलम हौ, साक्षात् नयाँ व्यास हौ ।
निर्धोझैँ अभिमानशून्य नहुनू, सामर्थ्य आफ्नो भुली
तिम्रो अन्तरमा छ विश्वविजयी सम्भावनाको चुली ॥६॥

**छन्द : शार्दूलविक्रीडित**

# साथी



**ध्रुवराज न्यौपाने**

सुनाउ सारा किन मान्नु लाज
छोडेर आए सब काम आज
बनाउ राम्रो किन हुन्न जाति
राम्रो बनाए नजिकिन्छ साथी ।

तेरो र मेरो कतिसम्म गर्छौ
बोकेर जम्मै कि पाताल झर्छौ
सोचेर केही मन पुग्छ माथि
सेवा र धर्म उपकार साथी ।

मानो फलाऊ अब पुष्ट दाना
मुरी फलाऊ जब रोप्छ माना
किसान कैल्यै भनिँदैन जाति
खेलाइ माटो तर पुष्ट साथी ।

पुजेर ढुङ्गा कति मिल्छ धर्म
हो मिल्छ धर्मै गर आज कर्म
चढाइ पैसा अक्षता र पाती
पुगेर आयौ कि त स्वर्ग साथी ।

देखिन्छ ठूलो दरबार झिल्ला
प्वाक्कै नबोलौँ नि कुरा नमिल्ला
चुलिन्छ तिम्रो जब पाप माथि
सुवर्ण लङ्का पनि जल्छ साथी ।

खायौ पिलायौ जब मात लाग्यो
सुन्नै नसक्ने मनमा पलायो
फरासिलो यो किन हुन्छ छाती
पसेर भट्टी अनगिन्ती साथी ।

साथी मिलेमा सब साथ राम्रो
बने जुनेली तब रात राम्रो
सच्चा बनेमा अविच्छिन्न साथ
गरेर राम्रो किन झुक्छ माथ ।

**छन्द : उपजाति**



# सर्वश्रेष्ठ प्राणी हुँ म

ध्रुवराज प्रसाईं

मान्छेले बनाएको मूर्तिलाई पुजेर
मान्छेलाई घृणा गर्दै
डुबी स्वार्थको सागरमा
सत्यनिष्ठालाई
तिरस्कार गर्न पाउँदा
पुलकित हुने
सर्वश्रेष्ठ प्राणी हुँ म ।

सपनाको महलमा निमग्न रहेर
आफ्ना रत्नहरू मिल्काउँदै
सुगन्धी द्रव्यको खोजीमा
विचलित कस्तुरीझैँ
भिक्षाको झोली भिरेर
फेरी फुक्दै हिँड्ने
सर्वश्रेष्ठ प्राणी हुँ म ।

खुट्टालाई छोडेर बैसाखीले
म्याराथुनको मृगतृष्णा बोकेर
सभ्यता र संस्कृतिको
समाधिस्थलमा
आफ्नो नाम लेखाउँदै
इतिहास जन्माउने
सर्वश्रेष्ठ प्राणी हुँ म ।

प्रसव वेदना सहेर जन्माउने
पसिनाका मोती बटुलेर
जिजीविषा जगाउने जननी
अनि
स्वर्णमय धर्तीलाई
निर्वस्त्र बनाएर
लघुताभासको व्यथाले
छटपटिँदा
सञ्जीवनी बोकेर
पर्खिरहेकी आमालाई
श्रद्धाले आमा भन्न नसक्ने
सर्वश्रेष्ठ प्राणी हुँ म ।

# मेरो छिमेकी



**नवराज भट्ट**

सदियौँ कालदेखि
वैदिक सनातन धर्मको जननी
ऋषिमुनिहरूको
तपोभूमि
मेरो देश !
शान्तिको दियो बालेर
'धम्मं शरणम् गच्छामि' को
सन्देश फैलाउँदै
बुद्ध जन्मिएको
मेरो देश !
पुर्खाको रगतले आर्जित
स्वतन्त्र र अटल
वीर गोर्खालीको नामले
परिचित
मेरो देश !
बहुल जाति
भाषा धर्म
संस्कृतिको
पहिचान बोकेको
मेरो देश !

विश्वसामु
शिर उँचो पार्ने
ल्होत्से, कञ्चनजङ्घा र

सगरमाथा ठडिएको
मेरो देश !
प्राकृतिक छटाले भरिपूर्ण
अमृत वृक्षहरू लहलहाएको
भू–गर्भभित्र
कैयौँ सम्भावना बोकेर
कोशी गण्डकी र कर्णालीमा
सुन बगिरहेको
मेरो देश !
गुराँस फुल्ने
कोइली गाउने
मुजुर नाच्ने
डाँफे उफ्रने र
हरिण चित्तल खेल्ने
मेरो देश !
स्वर्गकी अप्सरा
रारा, रूपा र फेवा
काखमा बोकेर,
सूर्य फर्फराइरहेको
सुन्दर
मेरो देश !
उ घरी घरी छड्के हेर्छ
कहिले सुम्सुम्याउँछ
मुख मिठ्याउँछ
कहिले अनुहार रातोपिरो पार्छ र
चिथोरूँलाझैँ गर्छ
अनि,
मेरो आली आँठो सारेर
पाइला लम्काउँदै
मेरो छाती कुल्चन खोज्छ
मेरो छिमेकी !!

**कोहलपुर नेपालगन्ज १३२ के.भी. प्र.ला. आयोजना**

# युगको सहारा



**नारायणप्रसाद आचार्य**

एउटा निर्जन ठाउँ
घना जङ्गल
रङ उडेझैँ लाग्ने सेता बगर
पहाडहरू बीचको खोँचमा
कहिले निलो, कहिले हरियो,
कहिले धमिलो,
मौसमअनुसार बदलिइरहने
पानीको रङ
पानीकै गीत अनि पानीकै सङ्गीत

हत्केलामा ज्यान राखी
चट्टानहरू फोर्नुपर्छ
बारुद पड्काउनुपर्छ
पर्वतहरूसँग पौँठेजोरी खेल्दै
कुलाहरू बनाउनु छ
पहाड दुलो पार्नु छ
मुसाले जस्तै खनिखोस्री

ढुङ्गाहरूको चाङमा
सिमेन्ट बालुवाको रङ घोली
बाँध बनाउनु छ
सिकाउनु छ पानीलाई
उज्यालोको नृत्य
मदानी पिर्काहरू जोडी
दिनु छ आकार

जसको आडमा घुम्ने छ एउटा पानीघट्ट
जुन घट्ट अनाज पिस्दैन/फल्दैन/जान्दैन
जान्दछ त केवल उज्यालोको कर्म
आफू रङहीन भएर पनि
धर्तीलाई रङ्गीन बनाउने

जो बन्दैन सहजै
लड्नु छ, भिड्नु छ, सङ्घर्ष अनि संसर्ग गर्नु छ
भिन्न विचार, व्यवहार अनि सोच भएका
मानिसहरू
को भावनासँग
कहिले फकाउनु छ
कहिले तर्साउनु छ
कहिले सम्झौतै सम्झौताको भारी बोकी हिँड्नु छ
खेल्नु पर्छ खतरासँग
थाहा छैन कतिको बलिदान हुने हो
हार्नुछ हजारौँचोटि
साना–साना हारहरू
र
जित्नु छ एकै पटक
ठुलो जित
एउटा उत्साह र उमङ्गसहितको जित

जसरी
विभिन्न दुःख पीडा सहँदै
प्रसव पीडालाई झेल्दै
जन्मन्छ एउटा दुधे बालक
त्यसैगरी जन्माउनुछ
रातको अन्धकारलाई चिर्ने
नविन ज्योतिपुञ्ज
जसको जन्मसँगै आउनेछ,
उत्साह उमङ्ग
र
मनाइने छ एउटा उत्सव
जो हुनेछ देशकै सहारा
भावी युगको सहारा
अर्को युगको सहारा ।

**उप निर्देशक, ने.वि.प्रा.**

# खोई याँठे खोई सोक्पा ?



प्रकाश आचार्य

ऊ
किताबका पानामा व्याख्यान
दार्शनिकले प्रतिपादित सिद्धान्तहरू
मा चित्रित
अथाह बौद्धिक क्षमता
उच्च नैतिक चरित्र भएको ।

विषयगत ज्ञानको स्वामी/माता
बलियो इच्छाशक्ति
व्यावसायिक कार्यमा निपुण
समस्याको पहिचान र सङ्कट मोचन सामर्थ्य
चुनौतीको पहाड फोड्ने हिम्मत
दूरदर्शी र सही निर्णय क्षमता ।

उसको विनम्र र शालीन व्यक्तित्व
मिलनसार कार्यशैली
दर्बिलो आत्मविश्वास
इमानदारिताको पर्यायवाची
कार्यक्षेत्रमा हरपल उत्साही ।

सिर्जनशील, परिश्रमी,
विनीत, धैर्य, सरल र सहनशील स्वभाव
सहयोगी, उदार, त्यागभाव
अभिभावकत्व ग्रहण र दायित्वबोध
वर्णित सिद्धान्तमा हामीलाई
उसैको अनुकरण गर्नुपर्ने परिभ्रम ।

तर खै ऊ कहाँ छ ?
बेलाबखत सुनिन्छ ऊ आयो रे ! ऊ देखियो रे !
पल्लो घरमा जाँदै गरेको पदचाप, पदचाल
लाग्यो माथ्लो गाउँमा गुनगुनाएको ।

# ए मोबाइल तँलाई कसले बनायो ?



प्रमोद अधिकारी

ए मोबाइल तँलाई कसले बनायो, कहाँ र कसरी बनायो ?
ए मोबाइल भन् त तँलाई कहाँ र कसरी बनायो ?

सारा दुनियाका मान्छेलाई हात हातमा बोक्न सिकाउने तैँ मोबाइल
सानादेखि ठूलासम्मलाई बोक्न सिकाउने तैँ मोबाइल !

तँलाई कसले बनायो भन् त ए मोबाइल !
टिकटक र फेसबुकमा भाइरल हुने तैँ मोबाइल !

सत्य र असत्यको खबर सुनाउन पुग्ने तैँ नै होस् मोबाइल
शुभ र अशुभ समाचार सुनाउन पुग्ने तै नै होस् मोबाइल !

टि.भि. र रेडियोभन्दा पहिले समाचार सुनाउन पुग्ने तैँ होस् मोबाइल
तैंले ठुलो भाग्य लिएर आएको पो रहेछस् ए मोबाइल !

त्यो पारि गाउँकी सुन्तली र भुन्टी दिदी बिरामी भएको खबर सुनाउने तैं होस् मोबाइल
अनि आँगनमा बुरुक बुरुक नाचेर टिकटक बनाउन सिकाउने तैं होस् मोबाइल !

ए मोबाइल तँलाई कसले बनायो, कहाँ र कसरी बनायो ?
ए मोबाइल भन् त तलाई कहाँ र कसरी बनायो ?

**कीर्तिपुर वितरण केन्द्र**

# मसिहाहरूको रबाफ



बलराम पुडासैनी 'परिवेश'

मसिहाहरूको रबाफ बुझ्किसक्नु छैन यहाँ  के छ र जवाफ,
दिनरात नभनी दौड दैयन्ति प्रभावझैँ जब्बर बन्दो छ है रबाफ ।
सुधो, निम्छरो विवश बबुरो जनताबिचमा छ कै जवाफ,
मिल्दा हुनुन् जसकन ता दिनदिनै बैठकबिचमा रक्सी औ कबाफ ।

कृषि प्रधान देश हो तर पनि छ यहाँ मलकै अभाव,
कालाबजारीहरूको पोल्टाबिचमा पनि नेता भनाउँदाकै प्रभाव ।
खै के देखाउँछौ ङिच्च हुलिया, फतुरमै जम्दो रबाफ,
दिक्क खिन्नता बिचमै छ किसान अब त भोटमै फर्काउँदा जवाफ ।

दलहरू चल्दछ र यहाँ छिमेकको जस्केलो बिचमै बास गरी,
मर्छन् लाखौँ जनता यहाँ फगत सिटामोलकै आस गरी ।
छैन नीति यहाँ तर पनि बन्धक भईसक्यो किनेका कै भर गरी,
फन्दामा परिगयो सदाचार त केवल नेता चिनेको अदमरी ।

मसिहाहरूकै बढ्दो छ है धाक यहाँ दूरगामी प्रभाव,
निडर साहसीकै खाँचो भो सधैँ अब यहाँ खड्किदो अभाव ।
जनता सधैँ नरोकिने ताकत हो तर पनि खस्कँदो छ है जवाफ,
मसिहा हरठाउँमा बद्दो छ है सजग रहसदा, जनबोली,
नाजवाफ-२
उफ् नाजवाफ-२

**केन्द्रीय लेखा विभाग**



# म कर्मचारी

**बेनी नेपाली**

देशलाई सदैव चलायमान राख्न
घरपरिवारलाई टाढा पारी
व्यक्तिगत जीवनलाई पाखा लगाई
टाउकोमा सधैँ कामको भारी
आवश्यक पर्दा चौबिसै घण्टा उपलब्ध हुने
पसिना चुहाई चुहाई काम गर्दा पनि
भ्रष्ट उपनामले परिचित म कर्मचारी ।

समयभन्दा छिटो काम हुँदा सधैँ मौन हुने
एकछिन ढिलो भएमा म नै जिम्मेवारी
सधैँ साधारण र सभ्य हुनुपर्ने रे
न त लामो कपाल न पाइयो पाल्न दारी
पैसाले बर्बाद गरेको समाज हो यो
गिद्दे नजर सबैको हुन्छ पैसामा
अख्तियारमा पर्ने मात्र म कर्मचारी ।

कैले समयको अभाव त कैले सामानको कमी
तै पनि गुनासो सुन्नुपर्ने भई लाचारी
जनप्रतिनिधि उग्र, ग्राहकहरू पनि उग्र
हामी चाहिँ मुख बन्द गरी हुनुपर्ने आभारी
विकास गर्ने मै मात्र हो भनी खोक्छन् सबै
देशको कायापलटमा अहम् भूमिका खेले पनि
छायामा बसी ताली मात्र मार्ने म कर्मचारी ।

**सुपरभाइजर (इलेक्ट्रिकल)**
**तनहुँ वितरण केन्द्र**

# हे भगवान्
# यो कस्तो जमाना



भोला शर्मा

उहिले उहिलेका संस्कारहरू अहिले आएर समृद्धि भैदिए,
एकादेशका काल्पनिक कथा अहिले आएर श्रीवृद्धि भैदिए ।
हिजोको मानवतासँगै हुर्केका ती सहयोगी भावना,
छताछुल्ल भई समाज धमिलियो, हे भगवान् यो कस्तो जमाना ।

पहिलेका नामुद राष्ट्रिय पदाधिकारीहरू अहिले आएर तस्करी भैदिए,
पहिलेका ती राष्ट्रभक्त कर्मचारीहरू अहिले आएर घुसखोरी भैदिए ।
मालदार अड्डाका लागि सरुवा भई लिए छिटो छिटो रमाना,
जनार्दन जनताका धनार्जन राष्ट्रसेवक, हे भगवान् यो कस्तो जमाना ।

वैदेशिक रोजगारको आकर्षणसँगै युवाहरूले भिडमभिड विमानस्थल,
बाँझा जमिनहरू बढ्दै गएर बने जनावरका विश्रामस्थल ।
गाउँघरका नौजवान सहर पसे कुनै एक बहानामा,
अर्गानिक छोडेरे हाइब्रिडको स्वाद, हे भगवान् यो कस्तो जमाना ।

विकासको कुरा गरौं डोजरे विकासमा प्रकृति विनाश,
जल, जङ्गल, जडिबुटी मासिए छैन है यसको स्थायी निकास ।
तापक्रम बढ्यो ओजन तह नाङ्गियो नदीनाला भए साना साना,
दिगो विकास पाठ्यक्रममै सीमित भो, हे भगवान् यो कस्तो जमाना ।

मम, चाउमिन, थुक्पा, पिजा लिन्छन् सिसाको पानी,
घरमा नखाएर रेस्टुरेन्ट जानी रमरम छ जिन्दगानी ।
बच्चाको मातृवात्सल्य टुटाएर कति सयर गर्छ्यौ हे पापिनी आमा,
आफ्नै दुध पिलाउन इन्कार गर्ने, हे भगवान् यो कस्तो जमाना ।

फेसबुक, ट्विटर, म्यासेन्जरको लत गाना गानाहरूको टिकटक,
सामाजिक सञ्जाल अश्लील भैसक्यो कसरी भनौं खै ठिकठाक ।
पैसामा बिक्यो सारा दुनिया काममा भने अनेक बहाना,
मानिसको संसार विचित्र भैदियो, हे भगवान् यो कस्तो जमाना । २



# माग्ने म

**मनोज तिर्वा**

माग्दामाग्दै उमेर छिप्पिन लाग्यो
बैँसले पनि ऊ पारि डाँडाको क्षितिजतिर हेर्न लाग्यो
सानो छँदा जब म आमा बुबासँग हुन्थेँ
मैले न माग्दा नमाग्दै पनि मेरी आमाले सधैँ दिइराख्नु भयो
मैले नमाग्दा नमाग्दै पनि मेरो बुबाले सधैँ पुऱ्याइरहनु भयो
तापनि म किन अझै माग्ने भएँ ?
म किन दिन सक्ने भइनँ ?
तर म सोच्ने गर्छु, ओछ्यानमा सानो सिरानीको अडेस लगाई
म सोच्ने गर्छु, बिस्तारै आँखा चिम्म चिम्ली
निस्पट्ट रात अनि सुनसान एकान्त अँध्यारोमा बसी
म सोच्ने गर्छु, जुनेली रातमा शीतल जूनको सहारा लिई
के समुद्रले हिमाललाई सलल बग्ने नदी माग्यो र ?
के हिमालले आकाशलाई हिउँ माग्यो र ?
के त्यो हिउँले शीतल सिरसिरे पवनलाई बादल माग्यो र ?
के त्यो कालो मडारिँदो बादलले समुद्रलाई बाफ माग्यो ?
हो, यसको जवाफ म आफैँभित्र खोजिरहेको छु
किन माग्ने मात्रै भएँ म ?
किन दिन सक्ने भइनँ ?
विडम्बना, तर मैले मागेको माग्यै छु ।
उसलाई पनि म माग्ने देखेर उदेक लाग्छ होला
रिस उठ्छ होला, मनमनै के के न सोच्छ होला
सोच्छ होला कि, अबदेखि त ऊ माग्न नआइदेओस्
सोच्छ होला कि, उसले त यो बाटै नहिँडिदेओस्
कतिखेर त खुसी पनि हुन्छ होला, यो त माग्ने पो रहेछ भनेर

तर के गर्नु !
मेरो मनले त सोच्छ कि मेरो सबैथोक उसैसँग छ भनेर
जस्तो कि
मेरो माया पनि उसैसँग छ, उसले मलाई माया देओस्
मेरो सम्मान पनि उसैसँग छ, उसले मलाई सम्मान देओस्
मेरो अधिकार पनि उहीसँग छ, उसले मलाई अधिकार देओस्
मेरो ज्ञान पनि उसैसँग छ, उसले मलाई ज्ञान देओस्
मेरो काम पनि उसैसँग छ, उसले मलाई काम देओस्
मेरो इज्जत पनि उसैसँग छ, उसले मलाई इज्जत देओस्
त्यसैले,
किन म माग्ने मात्र भएँ ?
किन म दिन सक्ने भइन ?
बिचरा ! जाबो मागेको त थिएँ, काँबाट पाउनु ?
कठै ! उसले पनि त मेरो जस्तै सोचिरहेको रहेछ
उसले देओस् र मैले पनि बदलामा दिन्थेँ भनेर ।
र त पनि म दिन सक्ने भइनँ किन माग्ने मात्रै ?
घरभित्र त म मागिरहेकै थिएँ, छु र हुनेछु पनि ।
तर घरबाहिर पनि अरूसँगै मागिरहेको हुन्छु
कहिले अङ्ग्रेजसँग माग्छु, त कहिले साउदी सलमानसँग माग्छु,
कहिले दक्षिणको बादशाहसँग माग्छु त कहिले कोरियनसँग,
कहिले जपानीसँग माग्छु त कहिले मलायासँग,
माग्न त मागिरहन्छु, तर पनि मेरो मन र पेट कहिल्यै भरिन्नँ,
जो मागिराछु त्यो आफैँसँग छ भन्ने जान्दाजान्दै पनि,
म अझै आफैँसँग किन माग्न सकिरहेको छैन ?
के म माग्ने मात्रै हो र ?
दिन सक्ने होइन र ?

**चनौली वि.के., भरतपुर चितवन**



# सुरक्षा र सजगता

**माधवी विष्ट**

गुणस्तरीय सामग्रीको प्रयोगमा ध्यान
टुटेफुटे सामग्री छन् नचलाऊँ है जान
नलगाऊँ झालपात सर्भिस केवुलमा
नबाँधनू चौपाया नि स्टे वायरमा ।१।

हेलमेटको प्रयोग सँगै कम्मरमा बेल्ट
जुत्ता पन्जा साथमा सधैँ अपरेटिङ रड
भऱ्याङको प्रयोग पनि नभुल्नु नि साथी
सुरु गरौँ काम सधैँ फिडर काटेपछि ।२।

नगर्नु हतार कहिल्यै जीवन अनमोल
विना उपकरण सुरक्षाको नचढ्नु नि पोल
सामग्री छन् सुरक्षाका लिई जाऊँ साथमा
सुरक्षा छ साथी तिम्रो हाम्रो आफ्नै हातमा ।३।

सुरक्षामा जतिजति हुन्छ हाम्रो चासो
हामीलाई बचाउने हामीसँगै साँचो
नपर्नु प्रलोभनमा गरौँ सत कर्म
घर दैलो आँगनीमा सेवकको धर्म ।४।

साक्षी राखी अग्निलाई सिउँदो सजाएको
पापा लिई आउँछु बाबा नानी फकाएको
टर्न सक्छ दुर्घटना भए सावधानी
मनन गरौँ जिम्मेवारी झलुङ्गाको नानी ।५।

**सिनियर मिटर रिडर**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा ।**

# नेपाल विद्युत् प्राधिकरण



मिमन पुलामी

उज्यालो नेपालको अभियन्ता तिमीलाई नमन गर्दछु
उज्यालोको अभियानमा तिमी सँगसँगै म हिँड्छु
देशभरमा उज्यालो छरेको तिमीलाई देख्न चाहन्छु
विश्वसामु तिम्रो प्रभाव सधैँ म हेर्न चाहन्छु ।

बढ्दो तिम्रो उचाइसँगै नेपाली सारा दङ्ग देख्छु
देशका जनहरू तिम्रो अभियानमा सँगसँगै भेट्छु
परिवर्तन हुँदै जानू समयको मागसँगै
उज्यालो नेपालको जिम्मेवारी तिम्रै काँधमा दिन्छु ।

उज्यालो अनि अर्थतन्त्रको जग तिमीसँगै खन्छु
निर्यात गरी पानी र बिजुली समृद्ध बनौँ हामी
चौबिसै घण्टा देशको लागि खटेर लाग्नेहरू
होइन तिम्रा साथी र सङ्गी समस्यामा भाग्नेहरू ।

बनाउनुपर्छ अझै ठुला ठुला आयोजना
उपकरण र प्रविधिमा होस् आधुनिकपना
नभएमा विद्युत, समाज अपाङ्ग बन्यो
विद्युत सब जनको देशको अङ्ग बन्यो ।

कानुन नभए देश चल्ला, चल्दैन विद्युतविना
तिम्रै कारण देशमा खुसी थपिएको छ झन्
प्रगति तिम्रो हरदिन शिखरतिर चढ्दो छ
देशको समृद्धिमा तिम्रो साथ बढ्दो छ ।

सधैँ यो मिमन प्राधिकरणको लागि हाजिर छु
प्राधिकरणले चाहेकै समयमा सधैँ उपलब्ध छु
म त पूर्ण रूपमा प्राधिकरण मै समर्पित भएकी छु
प्राधिकरणलाई उचाइमा पुऱ्याउने मैले प्रण लिएकी छु ।

आफू पछि परे पनि प्राधिकरणलाई अघि सार्ने छु
प्राधिकरणलाई आवश्यक परे आफ्नै छहारी छोडिदिन्छु
मेरो त्यागमा कुनै कमी आएमा आफ्नै निशाना बनिदिन्छु
प्राधिकरणलाई सक्षम बनाउँदै देशको मुहार फेर्छु ।

प्राधिकरणसँगै हाँसी हाँसी जीवन बिताइदिन्छु
प्राधिकरणलाई आवश्यक परेमा आफ्नो भार घटाइदिन्छु
प्राधिकरणलाई चाहेमा आफ्नै जीवन छोडिदिन्छु
त्यस्तै परेछ भने आफ्नै बली पनि दिन्छु ।

म छु खुसी खुसी छन् जनता
विद्युतबाटै सुधारै देशको आर्थिक अवस्था
पानीले गाउने गीतमा बिजुली चम्केपछि
भेटिन्छ समृद्धिको शिखर हामी लम्केपछि ।

**प्रणाली योजना विभाग ।**

# अचेल गाउँ एक्लो छ



मुकुन्दप्रसाद प्रसाईं

मान्छे मान्छेको भिड सहरभित्र
केन्द्रीकृत भइरहँदा विकासले कोल्टे फेर्न छाडेको छ !
समयको गतिसँगै एक निमेषमै
टोलाउँछ हेर्छ देखिन्न कहीँ कतै मानवता
कतिखेर आउँछ भन्ने सोच हराएको छ
हठात् रोकिन्छन् पदचापहरू
नमिठो यादले सताउँछ गाउँको त्यो मानचित्र
स्वप्निल बगैंचाको सुरम्य वातावरणबिच
कोइलीको आवाज सुनिन छाडेका छन् ।

जब शीतको थोपा पातमा टप्किन्छ
तब हराउन थालेको आभास हुन्छ प्रकृति
अचेल गाउँ एक्लिएको आभास मिल्छ
सुनसान गाउँमा मर्दाको मलामी जिउँदाको जन्ती
पाउन छाडिएको छ ।
गाउँतिर विकास कतै अल्भेको छ रे
सुनिन्छ गाउँतिर कचहरी बस्न छाडिसकेको धेरै भयो रे !
सहरको गन्ध गाउँतिर पनि सर्छ कहिलेकाहीँ
दशैं- तिहारमा जुट्ने गर्छ
फेरि सहरतिर अभाव अनि अनिष्ट हुँदा भूकम्प
अनि रोगव्याधिले गाँजेको बेला
गाउँ दुःख बिसाउने चौतारी भएको छ ।
मन साट्ने थलो भएको छ ।

हो, गाउँमा पहिलेजस्तो रौनक छैन ।
रोदी र दोहोरी सुनिन्नँ ।
परदेसिएकाहरू नोस्टाल्जिक जिन्दगी बिताउन विवश छन् ।
किंकर्तव्यविमूढ बनेको दृष्यले मुटु पोल्छ
हातगोडा गल्छन् ।
समयले स्वीकार गर्न नसकेको परिणति भोग्न बाध्य छन्
अचेल गाउँघर सुनसान छ; एक्लो छ ।



## शुभकामना गीत

**रूपा खनाल**

शुभकामना ४
कार्यालयको तर्फबाट अवसर प्रेरणा
पाएका छौँ हामी सबले उत्साहको भावना

शुभकामना ४
टेबुलटेनिस, भलिबल, क्यारेम अनि दौडमा
ब्याडमिन्टन, फुटसल, म्युजिकल चेयरमा

शुभकामना सबैलाई शुभ कामना

यस कार्यक्रममा आगन्तुकलाई स्वागत
कविता श्रवण गर्न पाल्नु भयो आज त

शुभकामना ४

अर्पी फूल श्रद्धाको दिन्छौँ शुभ कामना
सारा साथी सङ्गीमा विजयको कामना
शुभकामना सबैमा शुभ कामना ।

# मुटु मैले तिमीलाई बचाउन सकिनँ



**रामराजा ओझा**

थाहा छ मलाई 'मुटु'
तिमी एकै छौ अनि एक्लै छौँ
तिमीलाई स्वस्थ राख्नु, बचाउनु
हामी सबैको कर्तव्य दायित्व हो
तर...!

सानैदेखि देखेका सपनाहरू, रहरहरू
अझै पूरा नहुने लक्षण देख्दा
तिमीलाई बिगार्न मध्यपान नै गर्नुपर्छ भन्ने रहेनछ
माफ गर 'मुटु' मैले तिमीलाई बचाउन सकिनँ !

मानवताहीन र निर्जीव सहरमा बस्दाबस्दै
तँभन्दा म के कम भन्न गरिने होडबाजीहरूमा
तिमीलाई बिगार्न धूम्रपान नै गर्नुपर्छ भन्ने रहेनछ
माफ गर 'मुटु' मैले तिमीलाई बचाउन सकिनँ !

कार्यक्षेत्रमा हुने भेदभाव अनि असमान व्यवहारले
कसैलाई काखा अनि कसैलाई पाखा गर्दा
तिमीलाई बिगार्न जङ्कफुड नै खानुपर्छ भन्ने रहेनछ
माफ गर 'मुटु' मैले तिमीलाई बचाउन सकिन !

साथीभाइ अनि आफन्तबाट पाएको
धोका अनि अविश्वासहरूबाट
तिमीलाई बिगार्न विष नै पिउनुपर्छ भन्ने रहेनछ
माफ गर 'मुटु' मैले तिमीलाई बचाउन सकिनँ !

**काठमाडौँ ग्रिड महाशाखा, बालाजु सबस्टेसन**



# माइलो

लक्ष्मण घिमिरे

आफ्नै कोखबाट जन्मेका
यही आँगनमा हुर्केका
मेरा प्यारा सन्तानहरूको
भोक, प्यास र सपना पूरा गर्न नसकेपछि
खै, कसरी भनूँ, तिमी मेरो सन्तान हौ ।

सबैलाई देख्न सकिने
संसारको सबैभन्दा अग्लो चुचुरोमा बसेर
बगाएका मेरा आँसु-पसिना
खियाएका मेरा हाड-मंस
थिचिएका घाउबाट बगेका रक्तधारा,
र फुकेका सुस्केरा...
अहँ, कसैगरी पूरा हुन सकेनन् र मेरा सन्तानका रहरहरू

बेच्दैछन् आफ्नै अस्मिता किन्न केही थान सुखहरू
भाग्दैछन् अर्काको आँगनीतिर बोकेर तिलस्मी सपनाहरू ।

तर
त्यहीँ कतै देख्दैछु एउटा माइलो
बगेको आँसुमा उज्याला मूल्यवान् मोती भेटेको छ
उज्यालो रश्मी छरेर, टिप्दै छ एक मोती
र देखाउँदै छ केही समृद्धिका विम्बहरू ।

म चाहन्छु
मेरा हरसन्तान माइलोजस्तै कर्मवीर बन

मेरो धर्मको मर्म, कर्मलाई पूजा गर
मेरो रगत पसिना, हाडमंस जे जति छन् सारा अङ्ग
सबैमा तिम्रो सपना घोल अनि मेट तिम्रो भोक प्यास
र बनाऊ आफ्नै सुन्दर घर आँगन
किनकि
म रित्तिएर तिमी भरिनुमा मलाई आनन्द हुनेछ ।

**सिभिल इन्जिनियर, त्रिशूली ३ बी हब सवस्टेसन आयोजना**





# मनको मलामी

**वशिष्ट बन्धु**

आज मेरो मन मऱ्यो
मनको मलामी एक्लै थिएँ,
मुखाग्नि दिएँ
फर्किएँ घाटबाट एक्लै
भावशून्य दिमाग लिएर ।

मृत मनप्रति हार्दिक श्रद्धाञ्जली
मन मर्दा दुख्नेहरूप्रति समवेदना ।

मृत्यु शोकमा आशौच बारेँ मैले
तर, आफ्नै मनको जुठो कति लाग्छ थाहै भएन
धर्मसिन्धु, निर्णय सिन्धु कतै भेटिएन
कसैलाई थाहा छ, मनको जुठो कति लाग्छ ?

प्रिय मन,
एक्लो थिइस्, अस्वस्थ थिइस्
मरिस्, ठिकै भो एक किसिमले
दुःख त लुकाइस् !

कल्पना र यथार्थको लिङ्गे पिङ कति खेल्नु ?
आदर्शको रोटी कति बेल्नु ? व्यवहारका गोटी कति चाल्नु ?
भड्किएर, हिमालहरूमा, पहाडहरू
मा, मधेसहरूमा
दुःखी दिनहरू कति झेल्नु ?
स्वाभाविक रहेन तेरो मरण, आफ्नाहरू

ले नचिन्दै मरिस्
मिल्दो मन नभेट्दै मरिस्, इच्छा अधुरै मरिस्
उमेर नढल्की मरिस्

च्व...च्व...गर्दै दु:ख देखाउलान्
गोही आँसु झार्लान् पनि कतिले
तेरो मृत्युमा खुसी हुने पनि त होलान् कति
सन्तोषको सास फेर्लान् कतिले
भन्लान्, बढार्नु पर्नेथ्यो हावाले उडाइदियो ।

जेहोस् आफ्नो चेतले जे अह्रायो त्यही गरिस्
कसैसँग नझुकी मरिस्
सलाम, प्रिय मन !

पुनर्जन्म सम्भव भएछ भने तेरो
म बाँचिरहेछु भने तबसम्म
तेरो छैटीमा, पुनर्जन्मपछिको
भाग्य लेख्न भावी आउँदा
म रोई कराई गरूँला पुकारा
प्रभु, यो पूर्व मन दीर्घजीवि होस्
अकाल मृत्यु नहोस्,
सबैले चिन्ने होस् मेरो मन
सबैले बुझ्ने होस् मेरो मन
तत्सम्मलाई अलबिदा...प्रिय मन !



# बगरमा बर्गर हाउस

**विकास चित्रकार**

अब हाम्रो गाउँ नि गाउँ रहेन
हाम्रो गाउँको बगरमा पनि बर्गर हाउस खुलेछ
अब हामी पनि पाखाको पाखे रहेनौँ
हामी पनि चिकेन स्टेसन धाएका छौँ
मकै भटमास र कोदोसँग चाउचाउ साटेको त उहिल्यै हो
अघोषित क्यासिनो खुलेको पनि पहिल्यै हो
हुलका हुल पुल हाउस
फुलका फुल फुटसल त छँदै छ
अब हाम्रो गाउँ नि गाउँ रहेन
हाम्रो गाउँमा पनि बर्गर हाउस खुलेका छन्
ढिँडो र गुन्दुक पहिला लुकाई खाइन्थ्यो
अहिले फेसबुकमा देखाएर खान्छौँ
मठमन्दिर र धर्मकर्म त्यागेको त उहिल्यै हो
आफ्नै बा आमालाई त वृद्धाश्रम फाल्छौँ
अब
सभ्यता फर्केको छ
संस्कार बदलिएको छ
मठमन्दिर धाएर खुब सेल्फी खिच्छौँ
मदर डे, फादर डे, बेबिसावरमा
टिकटक बनाउछौँ
धन्य भाइरल हुन
सुहागरातको लाइभ हालेको छैन
धन्य यूट्युब चलाउन पैसा लाग्दैन
पात्र बोकेर

घर घर पुगेर
उसले जगाएको छैन
भिक्षांदेहि को अलख

सडकको किनारामा उभिएर
हातमा कचौरा बोकेर
आगन्तुकसँग मागेको छैन
रूपियाँ, पैसा

यतिमात्र पर्याप्त छैन
भिखारी हुनलाई
उसले पहिरिएको होस्
चिबार, गेरू वस्त्र

ऊ सोच्छ स्वयंलाई
खाँटी, विशुद्ध भिखारी

ऊ माग्छ सूर्यसँग
अँध्यारो बस्तीको निम्ति
केही प्रकाशको भिख
ऊ माग्छ हावासँग
साँघुरो छिँडीमा
निसासिइरहेका मानिसहरूको निम्ति
हावाको भिख

ऊ माग्छ—इन्द्रेणीसँग
रङ हराइएका निम्ति
रङको भिख

ऊ माग्छ आगोसँग
चिसोले कठ्याङ्ग्रिरहेकाहरूका निम्ति
केही भिल्काहरूको भिख !

# अनौठो मान्छे

**विक्रमकुमार हमाल**

अनगिन्ती मेरो यात्रा थियो
जहाँ पुगियो त्यहाँ जात्रा थियो
यसो विचार गरी हेरेको त
त्यहाँ अनौठो पात्र थियो ।

लाग्थ्यो ऊ विद्वान् हो कि पागल
एक सुरमा ठुलो स्वरले चिच्याइ रहन्थ्यो
अनि फेरि कराइ रहन्थ्यो
सायद विगतलाई आफ्नो सम्झेर होला
बेलाबेलामा ऊ आफूमा हराइ रहन्थ्यो ।

कतिबेला झस्कन्थ्यो अनि उफ्रन्थ्यो फेरि
विगतको आँचल पक्रेजस्तो गरेर
आफ्नो आफ्नै आभासमा
शान्त तलाउको फूल फक्रेजस्तो गरेर
एक्लै एक्लै मुस्कुराइरहन्थ्यो ।

हो अन्त्यमा मैले आफूलाई सम्हालेर हेरें
ऊ त कर्मठ कर्मचारी मजदुर पो रहेछ
बाटो वरपर छरपस्ट बिजुलीका तारहरू समाएर
होस्टेमा हैंसे पो गर्दोरहेछ ।

**पुलचोक वितरण केन्द**

# प्रतिज्ञा



**विनोद सुवेदी 'हिमचुली'**

नेपाल आमा तिमी रोएको हेर्न म कहाँ सक्छु
तिम्रा मनोइच्छा पूरा गर्ने बलिष्ठ प्रतिज्ञा गर्छु
तिमीले अर्जापेका पाठहरू मकहाँ भुल्न सक्छु ?
देशको पुरानो मानचित्र ताजा अहिले सम्झन्छु ।

तिम्रा काखमा अटाएका अनेकौ भू-भाग सम्झन्छु
लिपुलेक, लिम्पियाधुरा, कालापानी गर्वका साथ लिन्छु
हराएका तिम्रा ऐतिहासिक पानाको मार्गचित्र कोर्दछु
वीर योद्धाका अमूल्य योगदानको सदैव कदर गर्दछु ।

नालापानीले बचेको भूमि सम्झेर म प्रफुल्ल रहन्छु
बन्दुकका विरूद्ध ढुङ्गा खुकुरी प्रहार गर्दा घाइते बन्छु
त्यो युद्धमा गोरेलाई लखेटेको अब कहाँ भुल्न सक्छु ?
राष्ट्रमा समर्पित सच्चा सपुतप्रति म सलाम गर्दछु ।

सुस्ता मिचिन लाग्दा आँधीबेहरी म ल्याउँछु
स्थिर जङ्गे पिलर सार्दिँदा रौद्र रूप धारण गर्दछु
अब वैरीलाई परास्त गर्न सदैव म खडा रहन्छु
देशद्रोही विरूद्ध अझ कठोर बन्न म सक्दछु ।

अप्ठ्यारा परिस्थितिसँग लड्न अब तयार हुन्छु
मातृभूमिमा हरेक भू-भागको सदैव म रक्षक बन्छु
अन्तर्राष्ट्रिय सङ्गठनमा तिम्रो भूमिका सदा उच्च राख्छु
विश्वसामु स्वर्णिम अक्षरले तिम्रो नाम चम्काउँछु ॥

**ने.वि.प्रा., केन्द्रीय कार्यालय, काठमाडौं ।**



# कर्तव्यको सिलसिलामा हराएको मान्छे म

विष्णुबहादुर अर्याल

जनता र राष्ट्रको सेवा गर्ने भावना बोकी
उन्नति र प्रगतिको पथमा लम्कँदै
देशको प्रत्येक कुनाकोप्चेरामा उज्यालो छर्दै
सूर्यझैँ प्रकाश दिँदै हिँडेको सिपाही हुँ म ।

विद्युतजस्तो संवेदनशील खतरापूर्ण क्षेत्रमा कार्य गरी
जनताको प्रत्येक घर दैलोमा उज्यालो सुवास छर्नु छ
कहीँ कतै गल्ती भए छैन जिन्दगीको केही ठेगान
तैपनि निडर भै लागेको छु कर्ममा निरन्तर म ।

कर्मको सिलसिलामा बने कति साथी सहिद
कति परिवार टुहुरा त कति बने अपाङ्ग
नसकिने रैछ चित्त बुझाउन समाजको
दिँदा सबै तन, मन र ध्यान पनि ।

हाम्रो जीवन जिउने आधार तिमी भन्थिन् सानु
अकस्मात् अस्ताएछु म कर्मकै सिलसिलामा
ढल्दा घरको स्तम्भ जस्तो म
बिचरा उनी अनि छोराछोरी के गरी बसे होलान् ।

समाज अनि परिवारलाई सक्षम बनाउने
सपना र तृष्णा थियो मेरो मनमा ।
तासको घरजस्तै भताभुङ्ग भै
आफ्नै परिवारलाई बिचल्ली बनाएँ ।

दिन त दिएको छ पर्याप्त सुविधा संस्थाले
सहिद घाइते परिवारलाई जागिर अनि नगद ।
नहुँदा घरको खम्बाजस्तो अभिभावक
लाग्दो रहेछ सबै सेवा सुविधाहरू निरर्थक ।

सदबुद्धि पसोस् सबैमा मेरो यो योगदानको
खाँचो पर्दा खट्ने जति बेला पनि काममा ।
नराखी मनमा कुनै पनि कुविचार सबैले
गर्नु मूल्याङ्कन सधैँ यो मेरो कर्मको ।

**सिनियर मिटर रिडर**
**नयाँमिल वितरण केन्द्र, रूपन्देही**





# सपना

विशाल दाहाल 'निशाम'

लक्ष्यविनाको सपनाको रहर हुँदैन
सपना सपना त सपनै हो सपना देख्न कुनै प्रहर हुँदैन
म प्रश्न गर्छु आफैँसँग म कस्तो सपना देख्दैछु
के सपनामै म यो देशको भविष्य लेख्दैछु ?
हो सपनाको महल जहाँ हजारौं सूर्यको तेज बलिरहेको छ
दैवी शक्तिबाट प्रज्जवलित दीप धपक्क तेजले चलिरहेको छ
त्यो तेज सबै परिवर्तनकारी सोचको उपमा भएर
निस्पट्ट कालो रातको अँध्यारोमा
पूर्णिमाको जूनसरि पस्दैछ हाम्रो मानसपटलमा
र लेख्दैछ
यो देशको भविष्य
हो म सपना हुँ सहिदको, आवाज हुँ भिडको,
जहाँ पृथ्वी नारायणको सोच
भीमसेनको खोज
जनकको ज्ञान हजारौँ सीता र भृकुटीको मान सजिएको छ
त्यो सजावटलाई पूरा गर्न
तपस्या बनाऊ देशलाई जहाँ होस् मुक्ति र अर्चना
छोडी यहाँ सबै सबै अल्छी र लोभको टुना
भो भो अब गर्न छाडौँ हलविनाको तर्क
दिगोपनविनाको खर्च
तर्क र दोषारोपणको भवसागरमा
कमलको फूलसरि फुल्नुछ
फक्रिनु छ र बनाउनु छ सपनाको महल
मेरो देश मेरो देश, मेरो देश ।



# सौतेलो

**शोमराज शाह 'प्रकाश'**

म सौतेलो दुःखी हत्केलो, चिलाको चिलाइ छ
ऊ रे दाइ भन्दै भाइ हात, मिलाको मिलाइ छ ।

हे आमा बाँच्न देऊ बस्छु छेउ, सौतेलो सही मलाई
आफ्नैभैँ हेर मायाले बेर, मरि लानु छ के कसलाई ।

टेकौँ जमिन छैन छत छैन मर बरू, यसै खाली पेट
नाम छैन, दाम छैन, नाङ्गो शरीर, काम चाहिँ मरिमेट ।

मनमा पिर छ तैनि बुझ थिर छ, भत्केला रिसको बाँध
दसैं न तिहार जुठो थाल सिहार जाने आफैँमा मलाई साथ ।

आउँछ पालो, खालास बाचा, वर्षौं बितिगयो थाल खाली
मेरो नि बाचा मिले जोरमा, नमिले तोडमा बजाउने नै ताली ।





# हाम्रो प्राधिकरण

सङ्गीता बानिया

केन्द्रीकृत पेरोल सिस्टम केन्द्रीकृत हाजिर
विनियम नि नयाँ नै छ बन्दै गा'छन् नजिर
पि.आइ.एस.को व्यवस्थापन सि.आइ.एस.को अपडेट
कर्मचारी काममा सधैँ खेलिरा'छन् परेड ।

भूमिगत लाइन अनि स्मार्ट मिटर आ'छ
ट्रान्समिसनमा पनि अब नौलो चाहिने भा'छ
जनसेवा गर्ने हाम्रो ठुलै छ नि लक्ष्य
प्रसारण र वितरणमा नि पुऱ्याउँदैछ गच्छे ।

विद्युतको विकास गर्दै गर्ने विचार व्यापार
व्यवस्थापन र कर्मचारी बन्नेछन् खुसी अपार
मुस्कानसहितको सेवा हाम्रो टुटाउँदैनौँ हाँसो
सेवा गर्न सधैं तत्पर लुकाइ आफ्नो आँसु

विद्युतको विकासले जि.डि.पि.मा योगदान
जनताका खुसीले नै पाएका छौँ सम्मान
एकद्वार प्रणाली छ सेवा छिटो गर्नलाई
तयार सधैं कर्मचारी सेवा गर्दै मर्नलाई ।

यसरी नै अघि बढ्दैछ हे प्राधिकरण
कसैले नि गर्न यसको सक्ने छैन हरण
विद्युतको विकास नभई देशको विकास छैन
त्यसका खातिर ने.वि.प्रा.को विकल्प नै छैन ।

नयाँ नयाँ कार्यशैली नौलो व्यवस्थापन
झनै नवीन तरिकाले हुँदै गा'छन् मापन
वार्षिकोत्सवले ल्याएको छ सबमा मिठो आशा
बन्नुपर्ने छैन सायद कोही पनि निराशा ।

**अरुण इनरुवा तिङ्ला, मिर्चैया,४०० के.भी. प्र.ला.आयोजना**

# टुकी

## सुमन अर्याल

आमा ! मट्टितेल चाहिँदैन अब
छोरोले पैसाको अभावमा
अँगेना छेऊ गृहकार्य गरे पनि
नातिलाई कखरा सिक्न
बिजुली बत्ती आएको छ ।

आमा ! छोरोले टुकी ढलाउला भनेर
धुपबत्ती कातेर कुरी बस्नु पर्दैन
नातिले आफैँ बत्ती निभाउन सक्छ
बलाउन सक्छ घरमा
बिजुली बत्ती आएको छ ।

आमा ! पहिले जस्तै
मट्टितेल जोहो गर्नु पर्दैन
छोरोको परीक्षा आयो भनेर
नातिलाई ढुक्क छ
भएको लोडसेडिङ
पनि हटेको छ
कोठा, घर, आँगन, बाटाहरू
झिलिमिली हुने गरी
बिजुली बत्ती आएको छ ।

आमा ! अब त देशले
मुहार फेर्दैछ
बिजुली बत्ती बेचेर
धेरै पैसा कमाउँदैछ
पिर नलिनु तिम्रै नाममा
बिजुली कम्पनीको शेयर पनि छ
पक्कै आम्दानी दिनेछ
आमा ! अझै खुसीको कुरा
तिम्रै छोरो बिजुली अफिसमा
जागिरे भएको छ
हरेक महिना तलब पाएको छ
तिम्रो सुर्के थैली भरिएको छ
पुरानो फरिया
टालेको चोलो फेरिएको छ
परिवार, गाउँ, देशै उज्यालो भएको छ
तिमी र नेपाल आमा दुवैको
मुहारमा उज्यालो छाएको छ
कहिलै अँध्यारो नहुने गरी
बिजुली बत्ती आएको छ ।

कहिल्यै उज्यालो नहट्ने गरी
बिजुली बत्ती आएको छ ।

**ललितपुर भक्तपुर वितरण**
**प्रणाली सुदृढीकरण आयोजना**



# तलब

सुशीला रायमाझी

तिमी आउने बाटो कुरी बसैँछु
आउनुअघि नै टोलैभरि हल्ला पिटैँछु
नयाँ नयाँ योजनाका कथा बुनैँछु
कल्पनामै सपना पूरा गरैँछु
तलब तिमीलाई भेट्न तीस दिन लगाएँछु
तिमी आएको दुई चार दिनमै खल्ती रित्याएँछु ।

रासन किन्दा आधा तलब सत्यानास पारैँछु
पोहोर सालको ऋण बल्ल बल्ल तिरैँछु
नक्सा कोर्दाकोर्दै घर बनाउने भाका पर पर सारैँछु
आवश्यकता पूरा नहुँदा दिक्दार भएँछु
तलब तिमीलाई भेट्न तीस दिन लगाएँछु
तिमी आएको दुई चार दिनमै खल्ती रित्याएँछु ।

अफिस आउँदा जाँदा चिरिट्ट परैँछु
तलब बढ्ने आशामा वर्षैपिच्छे बजेट भाषण सुनैँछु
तलब बढ्दा मात्तिएर खर्च बढाएँछु
तलब थाप्दाथाप्दै हात लाग्यो शून्य भएँछु
तलब तिमीलाई भेट्न तीस दिन लगाएँछु
तिमी आएको दुई चार दिनमै खल्ती रित्याएँछु ।

हेटौंडा वितरण केन्द

# मान्छेको वास्तविक हैसियत



हरिओम अर्याल

एउटा सलाइको काँटी,
एउटा वनस्पति घिउको थैलो,
सुकेको दाउरामाथि लमतन्न
केही घण्टामै खरानी
मात्र यत्ति नै हो
मान्छेको वास्तविक हैसियत !

वृद्ध पिता साँझमा बितेछन्
आफ्नो सारा जीवन
परिवारका लागि खर्चेर गए
कतै रोदनको सुँक्क सुँक्क त
कतै क्रन्दनका चिच्याहट
....ए चाँडै लैजाओ
को रोई बस्छ रातभरि....
मात्र यत्ति नै हो,
मान्छेको वास्तविक हैसियत !

मरेपछि तल हेरेँ
आँखाहरू नजर आइरहेका थिए
मेरो मृत्युमा...
केही व्यक्ति बाध्यतामा त
केही नाटकीयपनमा
रोइरहेका थिए,
सकियो....नफर्कने गरी गयो....
दुईचार दिन गर्नेछन् यस्तै कुरा...

मात्र यत्ति नै हो,
मान्छेको वास्तविक हैसियत !

छोराले सुन्दर तस्बिर सजाउने छ
वासनादार अगरबत्ती जलाउने छ
सुगन्धित फूलहरू
को माला पहिराइने छ
अखबारहरूमा अश्रुमय श्रद्धाञ्जली छापिने छन् ....
पछि त्यही तस्बिरको जालो कसले सफा गर्ला र...
मात्र यत्ति नै हो ।



# हाइकु

## तुमे श्रेष्ठ

१.
शाश्वत आत्मा
शिव आत्मा प्रतीक
**भाव आकाश**

२.
वंशजको नाता
राष्ट्रियता नेपाली
राष्ट्र नेपाल

३.
जीवात्मा देह
पार्थिव शरीर यो
चेतन दृष्टि

४.
किसान युग
श्रम सिर्जना भित्र
विवेक बुद्धि

५.
जन मानस
अनुभूतिसम्म हो
वृत्ति विकास

६.
समायोजन
पुरस्कार दण्ड छ
भाग नलिने

७.
शून्य आकाश
खगोल भूगोल छ
रहिरहेको

८.
जीवै जगत
माया खेल्दछ खेल
जीवन चक्र

९.
शिक्षा तालिम
खाना, नाना र छाना
स्वास्थ्य शरीर



# राशिफल

राजनऋषि कँडेल

ऊ एक्कासि न्याउरो मुख लगाउंदै निस्कियो
एउटा भेट्रान ज्योतिषीको च्याम्बरबाट
म पनि क्यू मा थिएँ त्यहाँ
नाम चलेको थियो उसको सहरभरि
नेता, अभिनेता, पारपाचुेका गरेका
अर्धबैंसे कलाकर्मीहरू
आफ्नो फलादेश भाग्य हेर्न
थिए फलैंचामा ध्यानमग्न ।

एकातिर थिए घर घडेरी किनेका
नवधनाढ्यहरू
कोरिएका नक्सा र एक मुठी माटो लिएर,
हाजिर थिए वास्तु फलका लागि ।
मैले चियाइरहेको थिएँ तिनको गतिविधि
एक एक पलको ।

यसैबिच भित्रबाट बोलावट भयो मलाई
ने.वि.प्रा.को नामकरणबाट
म गएँ, भित्र पिर्कामा
ज्योतिषबाट सोधनी भयो
जन्म मिति, स्थान र समय
नअकमकाई जवाफ फर्काएँ मैले
२०४२ भाद्र १ कान्तिपुरी नगरी ।
उनले कम्प्युटरमा सेट गरे मैले भनेको
चिना, कुण्डली टिपोट थिएन मेरो

एक्कासि नो, ना, नि, न, ने
गुनगुनाए उनी
औँला भाँच्दै आँखा चिम्लेँ
एक दुई तीन भन्दै
शनिबार, प्रतिपदा, वृश्चिक राशी ठहऱ्याए
प्रारम्भिक ने नामले
राष्ट्रिय घटनामा एकाकार साक्षी बन्छ उज्ज्वल नक्षत्रको
मैले सोधेँ अबको भविष्य
कुण्डली ग्रह गोचरमा ध्यानदृष्टि लाउँदै
३६ वर्ष खड्को ३७ मा सक्ने
अढैया शनि बलवान् पर्ने
उच्च व्यवस्थापकमा खुलदुली ल्याउने
ट्रेड युनियन जनमा दिग्भ्रमित पार्ने
एउटै बृहस्पतिको छायाले सब
जनताको मायामा विश्वास गर्ने
शनिस्तोत्र पढ्दै पानी चढाउँदै पिपलमा
बाहिरिन्छन् शत्रु तेजोबध भएमा

**निर्देशक**
**सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग**





# स्वर्गबाट सन्देश

लीलाराज भट्टराई

के
मेरो
जीवन
आहुतिको
मूल्याङ्कन
प्रतिस्पर्धात्मक
समवेदना व्यक्त
गर्दै भरपाइ हुन्छ ?
प्राणको मूल्य यति नै हो
हामी श्रमिकका नेताहरू
प्राण फर्काउन सक्दैनौ
तर बोली त बिक्छ नि
बोल्नु तपाईंहरूले
मेरो लालाबाला
खबरदार
भोकभोकै मर्लान्
केही गर ।



## शालिकराम सापकोटा

कहिले दिनमा आउँछ ऊ कहिले रातमा आउँछ
जब समस्या पर्छ ऊ समाधानको साथमा आउँछ

तपाईं भन्नुहुन्छ हुरी, झरी, बाढी, पहिरो छ बत्ती छैन
ऊ लामो यात्रा गरेरै वर्षातमा आउँछ

उसले जीवन चलाउन जीवनकै सौदा गरेको हो
लाग्छ हरेक दिन ऊ त्यही सर्तमा आउँछ

जोखिम उठाएर पाउने उसले खुसी सन्तुष्टि मात्र हो
साहु बुझाउँछ जब वेतन हातमा आउँछ

अस्ति घाइते भएपछि ऊ आजै काममा फर्किएको छ
कहाँ छ के गर्दैछ ऊ भरे कुन हालतमा आउँछ ।

**चनौली वितरण केन्द्र**



# एक सांसदको बकपत्र

आविष्कार कला

समयले जिम्मेवारी दिएपछि
उहाँले सम्बोधन गर्दै भन्नुभन्यो-
"सभामुख महोदय !
उम्मेदवारीपछि
स्वस्तिक छाप नछोपुन्जेल
हर समय बध गरिएका
प्राणीहरूको मुक्तिका लागि
लक्ष्मीदान आवश्यक छ
सरकार !
त्यसको यथाशीघ्र व्यवस्था गरोस् ।"

प्रकृति पुजकका सन्तान हामी
पाँच पाँच वर्षमा पुजिने जन-देउतालाई
निकै पटक पूजा गर्दा नमानेपछि
अन्तिममा भेटी चढाइयो
देउताले फुर्मानले मान्दै भने-
"म सातै बजे लाइन लाग्छु"
हाम्रो धर्म संस्कृति रक्षाका लागि
पेटीका पेटी बुझाएको भेटीको
सोधभर्ना गरी पाऊँ सरकार ।

नेपालका हर ठाउँमा
छोटो समयमै
जोसिलो पानीको खोला बगाएर

जन जनलाई सिञ्चित गरेको विकास
ऐतिहासिक विजयको आधार हो,
यसपालिको विकास बजेटको खर्च
जोसिलो खोला तर्ने पुलमा व्यवस्था गरियोस्
प्राकृतिक खोला र नदीहरूमा
केही समय
तुइन र फड्केहरूले निर्वाह गर्छन् जनसमुदायहरू ।

देशभर प्रत्यक्ष प्रसारण सुनेका
जनहरूले एकै स्वरमा भने–
आगामी निर्वाचनमा
हात हात र माथ माथबाट
हात्ती, बाघ र गैँडा हटाऊँ
अनि हट्नेछ देशबाट
कालो धन र मनको शासन ।

**प्युठान**





# सम्बन्धसेतु

कृष्णदेव रिमाल 'शब्दसेना'

भाषा हाम्रो प्राण हो बुझ्नुपर्छ
मीठो बोल्दै जिन्दगी हाँस्नुपर्छ
बास्ना छर्ने फूलझैँ फुल्नुपर्छ
तारा भेट्ने लक्ष्य यो पाल्नुपर्छ ।१।

आहा गर्दै विश्व सारा उचाल्दै
धोई मान्छे दुःख सारा पखाल्दै
जम्ने सुक्ने पोखरी हैन भाषा
झिल्को बाल्ने रापजस्तै छ भाषा ।२।

बोल्नैपर्ने आँतको बात खोल्न
रूझ्दैभिज्दै स्वादिला आस भेट्न
साथी भाषा साथमा मिल्न आए
मिल्नै पर्ने घाँटी तानी सुसाए ।३।

बग्दै आयो घाँटीमा कुल्कुलाई
पौडी खेल्ने स्थानमा भुल्भुलाई
वल्लोपल्लो गाउँमा प्रीत लाई
घुम्दै भाषा बग्दछिन् गीत गाई ।४।

लाला लैलै गीतमा सल्ल बग्ने
गल्छी फोरी फाँटमा सुट्ट पस्ने
हामी भन्छौँ गीतमा खेल्न पाऊँ
भाषा हाम्रो आँतमा सिंच्न पाऊँ ।५।

भाषा हाम्रो प्राण हो देह हामी
तादीजस्तै बग्दछौँ देश छामी
भिज्दै बग्दै रातको काल चिर्दै
लम्कौँ हामी काँधमा देश भिर्दै ।६।

नेपालीको सुत्र भाषा बनायौ
मान्छे मान्छे जोड्न मिल्ने गरायौ
यौटै भाषा बोल्छ यो देश आज
माखेसाङ्लो राष्ट्रका जात माझ ।७।

बस्छन् हाम्रो सम्झनाको कुनामा
माया घोल्दै भाषिकाको दुनामा
डाँडाकाँडा झुल्किए भानुभक्त
मेचीकाली पोखिए भानुभक्त ।८।





# स्वभाव

रीता चालिसे खनाल

लोप हुँदै छन् बाघका गर्जनहरू
भासिँदै छन् स्वरका नलीहरू
लुला भएका छन् पाइलाहरू
हराउँदै छन्
विश्वासका धर्साहरू !

न आकार छ
न लक्ष्य
न छ गन्तव्य नै
शून्यतामा अल्झिरहेछन्
घुमिरहेछन्
कुमाललेका चक्रहरू !

कसैसँग समय छैन
बटुल्न सडकका आवाजहरू
भोकका भोजनहरू
च्यात्तिएका वस्त्रहरू !

डुबुल्की मार्छन्
माहुरीका चाकाहरूमा
मस्त निदाउँछन्
अनि सपनामा बर्बराउँछन्
युग परिवर्तनका नाराहरू !



## विष्णुप्रसाद आचार्य 'अतृप्त'

आफ्नै जीवन नहुनेले बरु सारा संसार दिन्छन्
जस्तो कि ढुङ्गा-माटोले घर बन्ने आधार दिन्छन्

त्यसो त भुइँमान्छे हुन् जनता राज्यको नजरमा
तर यिनैले मताधिकारमार्फत सरकार दिन्छन्

कसैलाई खाडी कसैलाई युरोप पुऱ्याउँछ जहाज
बरु रिक्सा-गाडाहरूले देशभित्रै रोजगार दिन्छन्

हिजो मात्रै चोरको हातमा चाबी सुम्पिइयो अरे !
रेडियो टेलिभिजन पनि कस्ता समाचार दिन्छन्

झरझर झर्ने धारा चाहिएको हो नुहाउनका लागि
दिनेहरू कि बाल्टी दिन्छन् कि त इनार दिन्छन् ।

**विदुर- ५, नुवाकोट**
**हालः आयोजना विकास विभाग**



# साहित्यिक यात्रा लमजुङतिर

**शारदादेवी पोखरेल भट्टराई**

यात्रा हाम्रो अवसर थियो लक्ष्य साहित्य बोलूँ
भुल्नै गाह्रो पल सङ्गतको के गरी सान खोलूँ
टल्क्यो पारी जब हिमचुली साउती मारि आँखा
मर्स्याङ्दीको कलकल ध्वनि फुर्छ सुन्दै ति भाका ।

दोहोरी गीत रस लयको जोर्सिंदै गाउँदैमा
हाम्रो बाटो रसमय बन्यो हौसियौँ धाउनैमा
मीठो खाजा छ कति गुनिलो स्वादमा खुल्छ भट्ट
मर्काएको कमर लचिलो नाच हेर्दै बिछट्ट ।

मर्स्याङ्दीको जल संचयले निस्किएको करेन्ट
सुन्दा हाम्रा श्रमिकहरूको ज्यान जाँदा भरङ्ग
बाह्रै घण्टा सुरूङ भित्रको काममा ठेक्किएरै
जिम्मा हाम्रो रनवन खुसी पार्नु नै मेटिएरै ।

सेवा गर्दा मन खुस हुने मै हुँ नेपाल देश
भन्छन् हाम्रा रगत तनले साग सिस्नुमै बेश
हाम्रा पुर्खा अति परिश्रमी भाव राम्रो बनाऊँ
हामी नै हौँ झलमल गरी लोकलाई सजाऊँ ।

# गणतन्त्र दिवसको उपलक्ष्यमा पुस्तक लोकार्पण तथा काव्य गोष्ठी सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले १६ औँ गणतन्त्र दिवसको अवसर पारेर पुस्तक लोकार्पण तथा काव्य गोष्ठीको कार्यक्रम सञ्चालन गरेको छ । विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' को सभापतित्वमा २०८० साल जेठ १५ गते सोमबारका दिन लमजुङ जिल्लाको राइनास न.पा.- ८, सर्वोदय सेवा आश्रम (धर्मशाला धाम) को सभाहलमा सो कार्यक्रम सम्पन्न भएको हो ।

सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका प्रबन्धकहरू ई.थर्कबहादुर थापा, ई.चिरन्तन विक्रम राणा, ई.पवन बस्नेत र ई. नारायण रेग्मीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा मध्यमर्स्याङ्दी जलविद्युत केन्द्र तथा मर्स्याङ्दी कोरिडोर २२० के. भी. प्रसारण लाइन आयोजनाका कर्मचारीका साथै स्थानीय साहित्यकार, सञ्चारकर्मी, सर्वदा सेवा आश्रममा आश्रित जेष्ठ नागरिक, सर्वसाधारणलगायत ८० जनाको उपस्थिति रहेको थियो ।

लमजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीको प्रमुख आतिथ्यमा सञ्चालन भएको सो कार्यक्रममा विद्युतकर्मी साहित्यिक समाजद्वारा प्रकाशित 'अमरज्योति साहित्यिक त्रैमासिक' को ५७ औं अङ्क लोकार्पण गरिएको थियो । सोही समारोहमा आयोजित काव्य गोष्ठीमा काठमाडौँ, तनहुँ र लमजुङका गरी करिब ३ दर्जन स्रस्टाहरूले आ–आफ्नो रचना वाचन गरेका थिए ।

सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणको तर्फबाट थर्कबहादुर थापा, चिरन्तन विक्रम राणा, नारायण रेग्मी, विष्णु आचार्य 'अतृप्त', शारदा भट्टराई पोखरेल, मुकुन्दप्रसाद प्रसाईं, शारदा पराजुली, रीता खनाल, सङ्गीता अधिकारी पौडेल, बलराम पुडासैनी, मिमन पुलामी, देवी कोइराला, नेत्रप्रसाद ढकाल, विजयकुमार गुप्ता र निर्मला गैरेले विविध सन्दर्भमा आधारित रचनाहरू प्रस्तुत गरेका थिए । त्यस्तै रचना वाचन गर्ने अन्य स्रष्टाहरूमा पुण्यप्रसाद घिमिरे, नारायणप्रसाद ढकाल, गोविन्दबहादुर कुँवर, ध्रुवबहादुर कुँवर, लवराज ढकाल, मीनप्रसाद ढकाल, लक्ष्मीप्रसाद मिश्र, मन्जुमाया अधिकारी,

मातृकाप्रसाद खनाल, वसन्त अधिकारी, देवीदास बराल, रामप्रसाद गुरूङ, नवीन बराल, रामकृष्ण अधिकारी, विष्णुप्रसाद पोखेल, तिलक सुवर्णकार, आकाश अधिकारी, दिवाकर भट्टराईलगायत थिए । सो कार्यक्रममा २४ घण्टामा जानकी महाकाव्य लेख्ने महाकाव्यकार चन्द्रमणि अधिकारीले समेत आफ्नो गरिमामय उपस्थिति जनाएर रचना वाचन गरेका थिए । उक्त कार्यक्रममा स्रष्टाहरूले लोक गीत, भजन, कविता, गजल आदि रचनाहरू प्रस्तुत गरेका थिए ।

सो कार्यक्रमको समुद्घाटन धर्मशालामा रहेका १५ जना जेष्ठ नागरिकहरूलाई जुस बिस्कुट खुवाएर गरिएको थियो । कार्यक्रममा सङ्क्षिप्त मन्तव्य राख्दै प्रमुख अतिथि श्री रामकृष्ण अधिकारीले काठमाडौँदेखि आएर विद्युतकर्मी साहित्यिक समाजले मानव सेवाको नमुना पेस गरेकोमा प्रसन्नता जाहेर गरेका थिए । अर्का वक्ता मध्य मर्स्याङ्दी जलविद्युत केन्द्रका प्रमुख पवन बस्नेतले यसप्रकारको कार्यक्रमलाई प्रवर्द्धन गर्न आफू सदा तत्पर रहने धारणा व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले गणतन्त्रपश्चात् अपेक्षा गरिएअनुसार विकास हुन नसकेको र ज्येष्ठ नागरिकको सम्मान गर्न राज्य चुकेको विचार व्यक्त गरेका थिए भने ज्येष्ठ नागरिक आश्रमका अध्यक्ष सुकदेव रिसालले संस्थाको परिचय दिँदै सो संस्थाको गतिविधिमाथि प्रकाश पारेका थिए ।

यस अघि'तीन तियाँ', 'गजल मुशायरा', 'पुस्तकसँग पाठक', 'बहुभाषिक काव्यगोष्ठी' लेखन प्रशिक्षण कार्यशालालगायतका विविध स्वाद र शैलीका साहित्यिक कार्यक्रम सञ्चालन गरिसकेकोले यसपटक मानवीय सेवामा प्रत्यक्ष योगदान दिने हेतुले लमजुङस्थित धर्मशालामा पुगेर कार्यक्रमको आयोजना गरिएको संस्थाका सचिव विष्णु आचार्य 'अतृप्त' ले जानकारी दिए ।

सो कार्यक्रममा रचना वाचन गर्ने सर्जकहरूलाई सम्मानस्वरूप प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रमको समापनपश्चात् सबै सहभागीहरूलाई आयोजकको तर्फबाट दिवा खाजा (खिर तरकारी) भोजन गराइएको थियो ।

करिब ४ घन्टासम्म सन्चालन भएको सो कार्यक्रमको सहजीकरण विद्युतकर्मी साहित्यिक समाजका सचिव विष्णु आचार्य 'अतृप्त' ले गरेका थिए । कार्यक्रमको अन्त्यमा विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले प्रमुख अतिथि श्री रामकृष्ण अधिकारीलाई मायाको चिनो प्रदान गरेका थिए ।

# पत्रिका लोकार्पण तथा अमरज्योति साहित्य सम्मान– २०८० समर्पण कार्यक्रम सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले राष्ट्रिय धान दिवसको अवसर पारेर साहित्यिक पत्रिका लोकार्पण तथा 'अमरज्योति साहित्य सम्मान– २०८०' समर्पणको कार्यक्रम आयोजना गरेको छ। विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' को सभाध्यक्षतामा २०८० साल असार १५ गते शुक्रबारका दिन नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयस्थित रूफटप हलमा सो कार्यक्रम सम्पन्न भएको हो।

नेपाल प्रज्ञा-प्रतिष्ठानका माननीय कुलपति भूपाल राईको प्रमुख आतिथ्यमा सञ्चालन भएको सो कार्यक्रममा विद्युतकर्मी साहित्यिक समाजद्वारा प्रकाशित 'अमरज्योति साहित्यिक त्रैमासिक' को ५८औँ अङ्क लोकार्पण गरिएको थियो। सोही समारोहमा नेपाली साहित्यको उन्नयनमा अतुलनीय योगदान पुर्‍याएबापत ६ वटा साहित्यिक संस्थालाई 'अमरज्योति साहित्य सम्मान– २०८०' द्वारा सम्मानित गरिएको थियो। त्यस्तै साहित्यको श्रीवृद्धिमा योगदान पुर्‍याउने ने.वि. प्रा. का सेवा निवृत्त दुई जना कर्मचारीहरूलाई पनि सो अवसरमा सम्मानित गरिएको थियो।

उक्त कार्यक्रममा शारदा साहित्यिक मासिक, काठमाडौँ, साहित्य सन्ध्या, काठमाडौँ, साहित्य सङ्गम, मकवानपुर, दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, प्युठान साहित्य परिषद्, प्युठान र नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोटलाई सम्मान गरिएको थियो। प्रमुख अतिथि कुलपति भूपाल राईले दोसल्ला र ताम्रपत्रद्वारा उक्त साहित्यिक पत्रिका/संस्थालाई सम्मान गर्नु भएको हो।

त्यस्तै सोही अवसरमा विद्युतकर्मी साहित्यिक समाजका पूर्वकार्यसमितिमा रही साहित्यको विकासमा आर्थिक, भौतिक र नैतिक सहयोग पुर्‍याउने स्रष्टाद्वय श्री मञ्जुलाल श्रेष्ठ र गङ्गा अधिकारीलाई पनि अमरज्योति साहित्य सम्मान– २०८० समर्पण गरिएको थियो।

